जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २४ •अंक ६९ •२०७८ साल साउन १३ गते बुधवार (28 July, Wednesday, 2021) •पृष्ठ ८ •मूल्य रु. ५।-

### ठाकुर अब अदालती लडाइ तर्फ
## सांसद पद जोगाउने निर्णय लिन नेतृत्वमाथि दवाव

**टुडे समाचारदाता**

काठमाण्डु ।जनता समाजवादी पार्टी(जसपा)को आधिकारिकता गुमाएका महन्थ ठाकुर अब अदालती लडाइको तयारीमा जुटेका छन् ।यसअघि ठाकुरले निर्वाचन आयोग र अध्यक्ष उपेन्द्र यादव बिरुद्ध सर्वोच्च अदालतमा दायर गरेको मुद्दा विचाराधिन रहेको छ ।

सर्वोच्च अदालतले त्यस मुद्दामा अन्तरिम आदेश जारी नगरेपछि निर्वाचन आयोगले सोमवार दुवै पक्षको सनाखत गराएर ५१ मध्ये ३४ सदस्य रहेको बहुमत पक्ष उपेन्द्र यादवलाई आधिकारिकता प्रदान गरेको थियो ।

सो मुद्दामा १५ गते छलफलका लागि तीनै पक्षलाई अदालतले बोलाएको छ ।तर ठाकुरले निर्वाचन आयोगको फैसलालाई चुनौती दिन अदालत जाने विषयमा मंगलवार कानुनव्यवसायीहरुसित छलफल गरेका छन् ।

ठाकुर समुहमा रहेका राजेन्द्र महतो, अनिलकुमार झा, शरतसिंह भण्डारी, लक्ष्मणलाल कर्ण, वृशेषचन्द्र लाल लगायतको सहभागिता रहेको छलफलमा कानुन व्यवसायीहरुले प्रष्ट सुझाव नदिएको कारण छलफललाई निरन्तरता दिने सहभागि एकजना सदस्यले जनाए ।

ठाकुर समुहमा रहेका सांसदहरुले पद जोगाउने निर्णय लिन नेतृत्वमाथि चर्को दबाब बनाएका छन् ।'स्वयं दल दर्ता गरे, राजिनामा गरे अथवा दल त्यागगरि अन्य दलमा प्रवेश गरे निर्वाचन सम्बन्धी ऐनको धारा ४४(६) मा स्वतःपदमुक्त हुने व्यवस्था छ 'कानुन व्यवसायी रामसिंह यादवले भने, ठाकुर पक्षलाई सांसद पद जोगाउन यादवकै नेतृत्वमा रहनुपर्ने बाहेकको बिकल्प छैन् ।

ठाकुर पक्ष अदालतमा जान सक्ने भएपनि त्यसले निर्वाचन आयोगको फैसला बमोजिम जसपामा भइरहेको कामकार्वाही प्रभावित नहुने उनले बताए ।

संसदमा पक्ष अथवा विपक्ष कता बस्ने निर्णयमा समेत ठाकुर समुह पुग्न सकेको छैन् ।पद जोगाउन सांसदहरु यादव समुहमा जान सक्ने जोखिमलाई दृष्टिगतगरि ठाकुर लगायतका नेताहरुले अल्मलाउने भित्री रणनीति बनाएकाछन् ।

### जसपा कार्यकारिणी समितिको बैठक जारी
# पहिलो बैठकबाटै तीन सभासदलाइ कार्वाही

**टुडे समाचारदाता**

काठमाण्डु । आधिकारिकता पाएको २४ घण्टा नबित्दै जनता समाजवादी पार्टी (जसपा)ले 'एक्सन' सुरु गरेको छ । जसपाका अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा मंगलवार बसेको कार्यकारिणी समितिको बैठकले लुम्बिनी प्रदेशसभामा रहेका आफ्ना पार्टीका निर्वाचित ३ जना प्रदेशसभा सदस्यलाई कारबाही गरेको छ ।

लुम्बिनी प्रदेशसभा सदस्यहरु सन्तोषकुमार पाण्डेय, विजय यादव र कल्पना पाण्डेलाई प्रदेशसभा सदस्यबाट हटाउने निर्णय गरेको कार्यकारिणी समितिका सदस्य प्रकाश अधिकारीले जनाए ।'उनीहरुलाई पहिलेपनि कार्वाही गरिएको थियो' उनले भने, उनीहरु फेरी पार्टीको निर्देशन विपरित नेकपा एमालेको सरकारमा सहभागि रहेकाले पुनः कार्वाही गरिएको हो ।

प्रदेश सभामा एमालेका मुख्यमन्त्री शंकर पोखरेल अल्पमतमा छन् ।तर विभिन्न जालझेलगरि उनी मुख्यमन्त्रीबाट राजिनामा दिइरहेका छैनन् ।पोखरेलको असंवैधानिक कदमलाई समेत सघाउने प्रदेश प्रमुख धर्मनाथ यादवलाई राष्ट्रपति विद्या देवी भण्डारीले हटाएकी छन् ।त्यहाँ माओवादी केन्द्रका नेता अमिक शेरचनलाई प्रदेश प्रमुख बनाइएको छ ।पोखरेलले अब प्रदेश सभालाई छलेर पदासिन रहने अवस्था नहुने विपक्षी नेताहरुको विश्वास छ ।

पोखरेल सरकारमा मन्त्री रहेका जसपाका तीनजनालाई कार्वाही गरिएपछि उनीहरु पदमुक्त रहेको अवस्थामा मुख्यमन्त्री पोखरेलले विश्वासको मत लिनु पर्ने अवस्था आउनेछ । जसपाको कार्यकारिणी समितिको बैठकले आफ्ना पार्टीका तीनैजनालाई कार्वाही गर्नुको प्रमुख कारण पोखरेलको सरकार ढाल्नु नै बताइन्छ ।

लुम्बिनी प्रदेश सरकारमा जसपाका ४ जना सांसद सहभागी भए पनि केही दिनअघि सुमन शर्मा रायमाझीले राजीनामा दिएकी थिइन् । कार्यकारिणी समितिको बैठकले पार्टीको संसदीय दलको विधान अनुमोदन गरेको नेतृ रेणु यादवले बताइन् ।गत शनिवारको कार्यकारिणी समिति बैठकमा संसदीय दलको विधान छलफलका लागि सदस्यहरुलाई उपलब्ध गराइएको थियो ।समान्य सुझाव सहित त्यो विधानलाई अनुमोदन गरिएको उनले बताइन् ।

बैठकमा सरकारमा सहभागिता सम्बन्धी एजेण्डा, कार्यकारिणी समितिमा पदाधिकारी तोक्ने, जिम्मेवारी बाँडफाँड गर्ने लगायतका एजेण्डाहरुमा छलफल बाँकी रहेकाले बुधवारपनि दिउँसो १ बजे बैठक बस्ने यादवले बताइन् ।

आधिकारिकताका लागि यादव पक्षमा सनाखत गर्ने सबै ३४ जना सदस्यहरुको बैठकमा सहभागिता रहेको जनाउँदै नेतृ यादवले भनिन् 'सरकार र पार्टीको जिम्मेवारीको विषयमा बैठकमा छलफल भएको छैन् ।

कार्यकारिणी समितिको अध्यक्ष रहेका महन्थ ठाकुर र वरिष्ठ नेता रहेका राजेन्द्र महतो हटेपछि पदाधिकारी तोक्न लागिएको छ ।कार्यकारिणी समितिमा अध्यक्ष उपेन्द्र यादव, वरिष्ठ नेतामा राजेन्द्र श्रेष्ठ र बाबुराम भटटराई रहेका छन् ।भट्टराईलाई संघीय परिषदको अध्यक्ष तोकिएपनि निर्वाचन आयोगमा विवरण अद्यावधिक भएको छैन् ।

नवराज सुवेदीको संयोजकत्वमा रमेश यादव र सुशीला श्रेष्ठ सदस्य रहेको ३ सदस्यीय निर्वाचन समिति गठन गरेको छ ।

बैठकले जसपाको तर्फबाट स्थानीय तहमा निर्वाचित भै दल परिवर्तनगरि अन्य पार्टीमा गएका जनप्रतिनिधिलाई पदमुक्त गर्न निर्वाचन आयोगमा सिफारिस गर्ने निर्णय गरेको कार्यकारिणी सदस्य अधिकारीले जनाए ।

तर यस अघि माओवादी केन्द्रले निष्कासन गरेका पालिकाका पदाधिकारीहरुलाई सर्वोच्च अदालतले पुनःबहाली गरेका थिए ।दलबदल सम्बन्धी कानुन पालिका स्तरमा प्रभावित नहुने बताइन्छ ।

## अध्यक्ष यादव सरकारमा नजाने

**टुडे समाचारदाता**

जनकपुरधाम ।जसपाका अध्यक्ष उपेन्द्र यादव सरकारमा नजाने बताएका छन् ।काँग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारमा जसपा चाँडै सहभागि हुने जनकपुर टुडेसितको संक्षिप्त संवादमा उनले भने, तर म सरकारमा जादिन् ।'पार्टी सरकारमा सहभागि हुने कार्यकारिणी समितिले नै निर्णय गरिसकेको छ' उनले भने, गठबन्धन सरकारमा पार्टीबाट अन्य साथीहरु मन्त्री हुनेछन् ।

एमालेका अध्यक्ष केपी ओली नेतृत्वको सरकारमा अध्यक्ष यादव उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री बनेका थिए ।मधेशको मुद्दामा प्रधानमन्त्री ओलीसित विवाद भएपछि उनी सरकार छाडेका थिए ।

'अब संगठन निर्माणका लागि सम्पूर्ण समय लगाउने छु' उनले भने, पार्टीमा अनावश्यक विवाद गरेर संगठनको कामलाई अबरोध गरिएको थियो ।संगठनको कामलाई नै प्राथमिकतामा राखेर



अगाडी बढन उनले जसपाका नेता, कार्यकर्ताहरुलाई आग्रह गरे ।

जसपाबाट सरकारमा वरिष्ठ नेता महेन्द्र यादव अथवा रेणु यादवले नेतृत वगर्ने छन् ।तर यस सम्बन्धमा टुंगो भने लागिसकेको छैन् ।

## कोरोनाभाइरस रोग (COVID-19)

**कोरोनाभाइरस रोग प्रभावित स्थानबाट यात्रा गरी फर्किनु भएका यात्रुहरुले घर वा बासस्थानमा फर्केको दिनदेखि १४ दिन सम्म अपनाउनुपर्न अति आवश्यक क्रियाकलापहरु**

**स्वास्थ्य सेवा लिने बेला बाहेक अन्य समयमा आफ्नो घर वा बासस्थानमा नै बस्ने**
स्वास्थ्य सेवाका लागि बाहेक अन्य समयमा घर वा बसेको स्थानबाट बाहिर नजाने। कार्यालय, विद्यालय वा सार्वजनिक स्थानमा नजाने। सार्वजनिक यातायात वा ट्याक्सीको प्रयोग नगर्ने।

**परिवारका सदस्यहरुबाट आफूलाई अलगै राख्ने**
घर परिवारका अन्य सदस्यहरू भन्दा छुट्टै कोठामा बस्ने र उपलब्ध भए सम्म छुट्टै शौचालय वा स्नानगृहको प्रयोग गर्ने।

**घरायसी सामान एक अर्कासँग नसाट्ने**
खाना खाएको भाँडा, गिलास, कप, काँटा चम्चा, रुमाल, तन्ना जस्ता सामग्रीहरु घरका अन्य सदस्यहरुसँग साटफेर नगर्ने । आफूले प्रयोग गरेका सबै सामग्रीहरु साबुन पानीले राम्ररी सफा गर्ने।

**नियमित रूपमा हात धुने**
नियमित रूपमा साबुनपानीले मिचिमिची २० सेकेण्ड सम्म हात धुने। साबुन पानी उपलब्ध नभएमा वा हात धेरै फोहोर नभएको भएमा अल्कोहल भएको स्यानिटाइजर पनि प्रयोग गर्न सकिन्छ। फोहोर हातले आफ्नो आँखा, नाक वा मुख नछुने।

**मास्कको प्रयोग गर्ने**
अन्य व्यक्तिसँग घरको एउटै कोठामा हुनुहुन्छ भने अनिवार्य रूपमा मास्क लगाउने र स्वास्थ्य परामर्शका लागि स्वास्थ्यकर्मीसँग हुनुहुन्छ भने पनि मास्क लगाउने। यदि तपाईले मास्क लगाउन सक्नुहुन्न भने तपाईसँगै रहेका अर्को व्यक्तिलाई मास्क लगाउन भन्ने।

**खोक्दा वा हाछ्युँ गर्दा नाक र मुख ढाक्ने**
खोक्दा वा हाछ्युँ गर्दा आफ्नो नाक र मुख ढाक्ने। त्यसपछि तुरुन्तै कम्तिमा पनि २० सेकेन्ड सम्म साबुन पानीले मिचिमिची हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने।

**आफूलाई देखा परेका लक्षणहरूको ख्याल गर्ने**
यदि १४ दिन भित्र रुघाखोकी लाग्ने, घाँटी दुख्ने, १००.४ डिग्री Fahrenheit भन्दा बढी ज्वरो आउने, सास फेर्न गाह्रो महसुस हुने जस्ता लक्षणहरु देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने। यस्ता लक्षणहरु देखिएका बिरामीहरुले लगातार रुपमा मास्कको प्रयोग गर्ने। कोरोना भाइरस फैलिएको देशबाट आएको जानकारी स्वास्थ्यकर्मीलाई दिने (यसले अन्य व्यक्तिलाई कोरोना भाइरस रोग सर्नबाट बचाउन स्वास्थ्यकर्मीलाई सहयोग गर्दछ)

*कोरोनाभाइरस रोग सम्बन्धी थप जानकारीका लागि तपाईले स्वास्थ्य मन्त्रालयको hotline नम्बरहरु ९८५१२५५८३९ ,९८५१२५५८३७ , ९८५१२५५८३४ मा बिहान ८ बजे देखि बेलुकी ८ बजे सम्म सम्पर्क गर्न सक्नुहुन्छ।

**नगराइन नगरपालिका**
नगराइन, धनुषा, प्रदेश नं. २

## व्यक्तिगत स्वच्छताले नै परिवारलाई सुरक्षित राख्न सक्छ ।

दुरी कायम गर्दैमा
**आत्मियता घट्दैन ।**

मास्क लगाउँदैमा
**परिचय बदलिँदैन ।**

किटाणु हुन सक्ने स्थान वा वस्तुहरू समय-समयमा सफा गरिरहेमा
**रोग लाग्दैन ।**

२० सेकेण्ड सम्म मिचि मिचि हात धुनु नै कोभिड-१९ बाट बच्ने
**पहिलो उपाय हो ।**

स्वच्छ परिवार सुखको आधार

**अर्नामा गाउँपालिका**
अर्नामा, सिरहा, प्रदेश नं. २

# हात्तीको दाह्रासहित तीन पक्राउ

**रञ्जन यादव**

जीतपुर । बारा प्रहरीले हात्तीको दाह्रासहित तीन जनालाई पक्राउ गरेको छ। जितपुरसिमरा उपमहानगरपालिका वडा नं.२१ स्थित अमलेखगञ्ज बजारबाट तीनै जनालाई पक्राउ गरेको ईलाका प्रहरी कार्यालय सिमरा बाराले जनाएको छ ।



हेटौंडाबाट पथलैयातर्फ आउँदै गरेको ना.५० प १२ २७ नम्बरको मोटरसाइकललाई बिशेष सुचनाको अधारमा ईलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा बोराभित्र लुकाई रहेको अवस्थामा उक्त दाह्रा फेला पारेको हो।

पक्राउ पर्नेमा निजगढ नगरपालिका वडा नं.११ बस्ने बर्ष ३४ का सूर्य प्रताप तामाङ ,सोही ठाउँ बस्ने बर्ष ३५ का दिल बहादुर घलान र हेटौडा उपमहानगरपालिका वडा नं.१३ बस्ने बर्ष ३५ का सुबास लो रहेको ईलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरिक्षक मनोजित कुवरले जानकारी दिए।

प्रहरीले उनीहरुको साथबाट ३ फिट ८ ईन्चको लम्बाई ,एक फिट गोलाई भएको १ थान हात्तीको दाह्रा बरामद गरेको छ । बरामद हात्तीको दाह्राको तौल ८ किलो ४४० ग्राम रहेको छ। पक्राउ परेकाहरुमाथि थप अनुसन्धानकोलागि पर्सा राष्ट्रिय निकुञ्जको जिम्मा लगाईएको ईलाका प्रहरी कार्यालय सिमराले जनाएको छ।

# महशुल नबुझाउँदा राजविराज नपाको लाइन 'कट'

**टुडे समाचारदाता**

राजविराज । लामो समयदेखि बक्यौता विद्युत महसुल नतिरेका उपभोक्ताहरुको धमाधम लाइन काटिरहेका विद्युत प्राधिकरण बितरण केन्द्रले मंगलबार राजविराज नगरपालिका कार्यालयको लाइन पनि काटेको छ।

जरिवाना बाहेक १६ लाख रुपैयाँ बाँकी रहेको र पटक पटक ताकेता गर्दा पनि वेवास्ता गरेकाले नगरपालिका कार्यालयको बिद्युत आपूर्ती बन्द गरिएको विद्युत प्राधिकरण बितरण केन्द्र राजविराजले जनाएको छ।

पटक पटक विद्युतको वक्यौता महसुल बुझाउन पत्राचार गर्दा पनि वेवास्ता गरिएकाले बाध्य भई लाइन काटेका हौं, बितरण केन्द्रका प्रमुख आमोद प्रसाद यादवले भने, "वक्यौता महसुल नबुझाएसम्म लाइन जोडिदैन् ।"

उनले दुई दिनअघि पनि वक्यौता बुझाउन पत्राचार गर्नुका साथै प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा भएको छलफलमा समेत जानकारी गराउँदा पनि नगरपालिकाले वेवास्ता गरेको बताए।

राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन थापाले प्राधिकरणद्वारा बिद्युत सेवा प्रदानका लागि नगर क्षेत्रमा गाडिएका विद्युतीय पोल वापतको भाडा नगरपालिकाले नलिएको र प्राधिकरणले पनि विद्युत महसुल नलिने भन्ने विषयमा नगरपालिकाको तर्फबाट पहल भइरहेका बेला एक्कासी लाइन काटिनु उचित नभएको बताए।

प्राधिकरणले हामीसँग विद्युत उपभोग गरेवापत शुल्क लिए हामी पनि नगर क्षेत्रमा गाडिएका विद्युतीय पोलवापतको भाडा लिन बाध्य हुनेछौं उनको भनाई छ। उनले नगरपालिका स्थापना भएदेखि नै विद्युत महसुल नबुझाएको आफूलाई जानकारी प्राप्त भएको भन्दै यसको समाधानका लागि नगर प्रमुख सँग छलफल गरि आवश्यक निर्णय लिने जानकारी दिएका छन्।

यता लाइन काटिएपछि नगरपालिका कार्यालयबाट विद्युतीय प्रयोगबाट संचालन हुने सबै सेवा ठप्प भएको छ।

# सुवर्ण गाँउपालिकामा योजनाको प्रसंशा

**सिकेन्द्र पासवान**

कलैया । सुवर्ण गाँउपालिकाले विद्युतिकरण सहितको सिचाई, शिक्षा, खानेपानी, सडक तथा रोजगार सहितको बजेट ल्याएपछि नगरवासिले जनप्रतिनिधिको प्रशंसा गरेका छन् ।

गाउपालिकाले सिचाइकालागि प्रत्येक घरधुरीलाई खेत सम्म पुग्ने तारपोल जडान गरि एक थान बोरिङ्ग निशुल्क दिने योजना, बिधालय भवन निर्माण, स्वासथ्य चौकी निर्माण, सामुदायिक भवन निर्माण, पुल कल्भर्ट निर्माण, बाटोघाटो निर्माण गर्ने योजना सार्वजनिक गरेका छन् ।

आर्थिक बर्ष २०७८/७९ सालको बजेट अन्तरगत निती तथा कार्यक्रममा किसानहरुलाई हर्षित एवम लाभान्वित हुने योजना ल्याएपछि गाँउपालिकाका अध्यक्ष महेन्द्र यादव, उपाअध्यक्ष बबिता यादव लगायत ८ वटा वडाका अध्यक्षहरु, कार्यपालिकाका सदस्यहहरुलाई स्थानियहरु खुलेर प्रसन्सा गर्न थालेका छन।

धान, गहु, उखु, मकै, लगायत अन्य बालीनाली उब्जाउनका लागि सिचाईको समस्या भोग्दै आएका किसानहरुकालागि निशुल्क १ थान बोरिङ्ग दिने योजना ल्याएको अध्यक्ष महेन्द्र यादवले बताए। सिचाईको भरपर्दो सुबिधा भएपछि दुई बाली भदैया, अगहनी धान उब्जाउने काम गर्न यादवले बताए।

पालिकालाई धुवा मुक्त पालिका बनाउन करिब ५ सय घरधुरीलाई ग्यासचुलो, सिलिन्डर उपलब्ध गराउने योजना ल्याइएको पालिकाका प्रमुख प्रशासकिय अधिकृत नविनकुमार श्रीबास्तवले बताए। खानेपानीबाट बंचित भएका परिवारकालागि गाउपालिकामा ५ सय चापाकल योजना ल्याइएको गाँउपालिकाका उपाअध्यक्ष बबिता यादवले बताईन।

पालीका जन्मेकी छोरीहरुलाई ५ लाखको बिमा गर्नका लागि आर्थिक बर्ष २०७८/७९ सालको बजेटमा रकम बिनियोजन छ। कक्षा ८ देखि १२ सम्ममा अध्यन गर्ने छात्र, एवम छात्राहरु मध्ये प्रथम, दुतिय, तृतिय हुनेहरुलाई क्रमश ४१, ३१ र २१ हजार प्रोत्साहन स्वरुप सबै कक्षाकालाई दिने योजना ल्याएको छ । छोरीलाई विवाहकालागि विवाह मण्डप बनाउने योजना समेत ल्याइएको छ। गाउपालिकाले वृद्धवृद्धा, एकल महलिाहरुको समाजिक सुरक्षा भता लिन सहजताका लागि बैक सम्म लैजाने र ल्याउन आफनो गाडी उपलब्ध गराउने योजना समेत ल्याएको छन।

# देवाहीगोनाही नगरपालिकामा तोडफोड, उपमेयर घाइते

**ओम प्रकाश यादव**

गरुडा(रौतहट) । राहत सामग्री कुहाएको विषयलाई लिएर रौतहटको देवाही गोनाही नगरपालिकामा स्थानयीयहरुले प्रदर्शनगर्दै तोडफोड गरेका छन् ।

देवाही गोनाही नगरपालिकाका मेयर धर्मेन्द्र पटेलले प्रदेश सरकार लगायत विभिन्न निकायबाट प्राप्त लाखौको राहत सामग्री कुहाएर नष्ट गरेको भन्दै स्थानीयहरुले मंगलवार नगरपालिकाको कार्यालय घेराउ गरी तोडफोड गरे।

ढुंगा प्रहारबाट उपमेयर परनिया देवी पटेल घाइते भएकी छिन । ढुंगा लागेर पटेलको टाउकोमा गम्भिर चोट लागेको छ।



नगरपालिका कार्यालय अगाडि ठुलो संख्यामा जम्मा भएको भिडलाई हटाउन खोज्दा उनिहरु केही प्रहरीमाथी पनि ढुंगा प्रहार गर्नुका साथै हातपात समेत गरेका छन।

भीड अत्याधिक भएपछि हटाउने प्रयास गर्दा स्थानीयहरु उल्टै प्रहरीकै लठि खोसेर लच्छारपच्छार गर्दै हातपात गरेका थिए। ढुंगा प्रहारबाट तिन जना प्रहरीलाई पनि चोटपटक लागेको छ।

नगरपालिका कार्यालय र प्रहरीमाथी ढुंगा प्रहार भइरहेको भिडियो खिचिरहेका पत्रकारहरुमाथी पनि उनिहरुले ढुंगा प्रहार गर्न थालेको थियो । स्थानीयहरुले प्रहार गरेको ढुंगा लागेर पत्रकार कृष्ण तिवारी घाइते भएका छन । घटनापछि देवाही गोनाहीको अवस्था केहीबेर तनावग्रस्त बनेको थियो।



कार्यालय सञ्चालन रहेकै अवस्थामा कुहिएको चामल, दाल नष्ट गरिएको विषयलाई लिएर केही निर्वाचित जनप्रतिनिधि र चुनावमा आफुसँग पराजित भएका केही अराजक तत्वले नगरपालिका कार्यालयमाथी आक्रमण गर्न लगाएको मेयर धर्मेन्द्र पटेलले बताएका छन।

देवाही गोनाही नगरपालिका ४ का वडा अध्यक्ष रामप्रवेस पटेल, वडा नं ६ का वडा अध्यक्ष अनिल झा, वडा नं ७ का वडा अध्यक्ष जगरनाथ यादव र वडा नं ८ का वडा अध्यक्ष हरिराउत पटेल सहित मेयरका प्रत्याक्षी प्रेमलाल साह लगायतको नेतृत्वमा सयौंको संख्यामा आएका अपराधिक व्यक्तिहरु नगरपालिका कार्यालयमाथी आक्रमण गरी व्यापक क्षति पुरयाएको मेयर पटेलले बताए।

गरिव जनता राहत नपाएर भोकै छटपटाए पनि कसैलाई वितरण नगरी स्टोरमा थन्काएर चामल, दाल लगायतका खाद्यान सामग्री कुहाएको भन्दै स्थानीयहरु मेयर पटेलको राजिनामा माग गर्दै प्रदर्शन गरेका हुन्।

प्रदर्शनकारीहरुले मेयर पटेल 'राजिनामा दे, गरिव जनताको राहत कुहाउन पाइदैन, राहत कुहाउने मेयरलाई कार्यवाही गर' जस्ता नारावाजी गरिएको थियो।

कोरोनाबाट आक्रान्त बनेको समय गरिव, असहाय तथा निमुखा जनताका लागि विभिन्न निकायले उपलब्ध गराएको लाखौ मुल्य बराबरको खाद्यान सामग्री कसैलाई वितरण नै नगरी स्टोरमा राखेर कुहाएको भन्दै स्थानीयहरुले नगर प्रमुख पटेल विरुद्ध चर्को नारावाजी गर्दै प्रदर्शन गरे।

कोराना भाइरस रोकथाम तथा नियन्त्रण गर्नका लागि रौतहट प्रशासनले जारी गरेको निषेधाज्ञाबाट प्रभावित भएका अति बिपन्न परिवारलाई वितरण गर्नका लागि प्रदेश सरकार लगायत विभिन्न दातृ निकायहरुले नगरपालिकालाई दुईसय भन्दा बढी बोरा चामल, दाल, खाने तेल लगायतका खाद्यान्न सामग्री सहयोग गरेका थिए।

मेयर पटेलले सो सामग्री मध्ये केही मात्र वितरण गरेको र बाँकी सामग्री आपत विपदमा परेकालाई मात्र वितरण गर्ने भन्दै स्टक गरेर राखेका थिए।

मधेश संग्रहालयमा स्टक गरेर राखिएको उक्त खाद्यान्न सामग्री वर्षाको पानीले भिजेर कुहिएको बताइएकोछ।

मेयर पटेलले कुहिएको उक्त खाद्यान सामग्रीहरु संग्रहालयकै छेउमा जेसीबीले खाल्टो खनेर जमिन मुनी गाडेको थियो।

निषेधाज्ञाका बेला खाना नपाएर कयौं गरिव तथा निमुखा जनताहरु भोकै बसेपनि कसैलाई राहत वितरण नगरी स्टकमा राहत सामग्री कुहाएर नष्ट पारेको भन्दै आक्रोसित स्थानीयहरुले नगरपालिका कार्यालय घेराउ गरी विरोध प्रदर्शन गर्नुका साथै नगरपालिका कार्यालयमा तोडफोड समेत गरे।

मेयर धर्मेन्द्र पटेलको गैर जिम्मेवारीपन तथा चरम लापरवाहीका कारण राहत सामग्रि कुहिएको भन्दै स्थानीयहरु प्रदर्शन गरेकाहुन् ।स्थानीयहरुले ढुंगा प्रहार गर्दै कार्यालयको सबै कोठाको सिसाको झयाल फुटाइदिएको छ।

ढुंगा प्रहारबाट मेयर, उपमेयर, प्रशासकीय अधिकृत लगाएत विभिन्न कर्मचारी बस्ने कोठाको कामै नलाग्ने गरी सिसा फुटेको छ । ढुंगा प्रहारबाट नगरपालिका कार्यालयको अन्य भौतिक संरचनामा पनि व्यापक क्षति पुगेको छ।

गरिवलाई वितरण नगरी खाद्यान सामग्रि किन कुहाएको र नष्ट गरेको भन्दै केही पत्रकारहरुले मेयर पटेलसँग उनकै कार्यकक्षमा प्रतिक्रिया लिरहेको अवस्थामा स्थानीयहरुले नगरपालिका कार्यालयमाथी आक्रमण गरेका थिए।


## जग्गा बिक्रीमा

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १६ कपिलेश्वरमा १२ फिटे बाटोमा ७ धुर जग्गा बिक्रीमा छ ।

सम्पर्क नं. ९८४४०२६४७६

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जनकपुरधाम उपमहानगरपालिका वडा नं. १० देवी गोदावरी स्कुलसँगै रहेको म बस्ने भाडाको घर अगाडी पार्किंगबाट मिति २०७८/०४/०५ गते मध्यान्ह १२ बजेदेखि १ बजे सम्मको समयमा प्र.२-०२-००३ प ६५९७ नम्बरको कालो रातो रंगको ईञ्जिन नम्बर DKXCLG४४०२६ चेचिस नं. MD2A13EX3LCG85510 को बजाज कम्पनीको पल्सर २२० FABS हुलास अटोको नाममा दर्ता रहेको मोटरसाइकल हराएकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

नामः कमलदेव साह
ठेगानाः जनकपुरधाम उपमनपा-१०
मो.नं. ९८०४८४६१४७

## मिथिला कोलोनी, जनकपुरधाममा आकर्षक जग्गा बिक्रीमा

जनकपुरधाम धनुषा मिल्स एरिया चौकबाट ५०० मीटर उत्तर बेंगा पिपराडी ४२ फिट जाने बाटोमा टच भएको **मिथिला कोलोनी** नाम गरेको प्लोटिङ्ग जग्गा १५ फिट रोड भएको, सबै सुविधा सम्पन्न भएको जमिनको टुक्राहरु सस्तो मुल्यमा पाईन्छ। आकर्षक घडेरीहरुको केही दिनको लागि मात्र बुकिङ्ग खुल्ला गरिएको छ ।




## राहदानी हरायो

मिती २०७८।३।१० गते घरबाट जलेश्वरसम्म जादै गर्दा मेरो निन्न बेहोरा भएको राहदानी हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्म ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ ।

नाम : अमरेश यादव
ठेगाना : मठिहानी-१, महोत्तरी
राहदानी नम्बर :१०३६८७५८
सम्पर्क नं. : ९८१६८६६४९०

## माईग्रेशन हरायो

घरबाट जनकपुरधाम जाने क्रममा मेरो निम्न व्यहोरा भएको माईग्रेशन मिति २०७८/२/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको मोबाईल नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : सरोज महासेठ
ठेगाना : जि.धनुषा,सबैला न.पा.-१०
रजिष्ट्रेशन नं. : ७५१७१६०९९
सिम्बोल नं. : २१७०२३७१
सम्पर्क नं. : ९८००८९१३१८

## माईग्रेशन हरायो

घरबाट जनकपुरधाम जाने क्रममा मेरो निम्न व्यहोरा भएको माईग्रेशन मिति २०७७/१२/१४ गते हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको मोबाईल नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : मो. इल्ताफ साफी
ठेगाना : जि.धनुषा,सबैला न.पा.-१०
रजिष्ट्रेशन नं. : ७५१७१६०४४
सिम्बोल नं. : २१७०२३४०
सम्पर्क नं. : ९८०९६९७२३१

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको लाइफ इन्स्योरेन्स कोर्पोरेशनको विमा लेख १४ वर्ष पहिला देखि हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : राम प्रसाद महरा
विमालेख नं.:१७०००८०४६
ठेगानाः तुलसीयाही-९, धनुषा
मो.नं. : ९८४४०५३७४९



## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| बृष | : वाद विवादबाट बच्नु। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : सुख समृद्धि हुने। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : शिक्षामा उन्नति। |
| वृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : धन बृद्धि सञ्चय। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नयाँ प्रदेश प्रमुख सिफारिससहित मन्त्रिपरिषद्का विभिन्न निर्णय

काठमाण्डु । सरकारले लुम्बिनी र गण्डकी प्रदेशका प्रमुखहरु परिवर्तनको सिफारिस गरेको छ । मन्त्रिपरिषद्को मंगलवारको बैठकले चितवनका पृथ्वीमान गुरुङलाई गण्डकी र अमिक शेरचनलाई लुम्बिनी प्रदेश प्रमुखमा नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको हो ।

मन्त्रिपरिषद्को उक्त सिफारिससँगै गण्डकी प्रदेश प्रमुख सीताकुमारी पौडेल र लुम्बिनी प्रदेश प्रमुख धर्मनाथ यादव पदमुक्तको प्रक्रियामा गएका छन् । शेरचन यसअघि गण्डकी प्रदेश प्रमुख हुनुहुन्थ्यो । अघिल्लो सरकारले उहाँलाई पदमुक्त गरेको थियो । पूर्वउपप्रधानमन्त्रीसमेत रहनुभएका शेरचनलाई नेकपा९माओवादी केन्द्र० ले प्रदेश प्रमुखमा सिफारिस गरेको हो ।

**यस्तै गुरुङ नेपाली कांग्रेस चितवनका पूर्वसभापति हुनुहुन्थ्यो ।**

बैठकले राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा विश्वनाथ पौडेल र सदस्यद्वयमा रामकुमार फुयाँल र दिलबहादुर लिम्बूलाई नियुक्त गरेको नेपाल सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो । बैठकले यही साउन २६ गतेदेखि लागू हुने गरी नेपाली सेनाका बलाधिकृत रथि प्रभुराम शर्मालाई कायममुकायम प्रधानसेनापतिमा मुकरर गरी राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ । प्रधानसेनापति पूर्णचन्द्र थापा उमेर हदका कारण यसै महिना सेवाबाट निवृत्त हुँदै हुनुहुन्छ ।

यसैगरी बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ स्वीकृत गर्ने निर्णय पनि आजको मन्त्रिपरिषद्बाट भएको उहाँले बताउनुभयो । रासस

# प्रदेशको नामकरणबारे छलफल शुरु

विराटनगर । प्रदेश नं १ को नामकरणको लागि मुख्यमन्त्री शेरधन राईले मंगलवारदेखि छलफल थाल्नुभएको छ ।

प्रदेश नं १ को प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका नेताहरुसँग मुख्यमन्त्री राईले नामकरणको विषयमा परामर्श थाल्नुभएको हो । चालू अधिवेशनबाटै प्रदेशको नाम राख्न मुख्यमन्त्री राईले प्रयास थाल्नुभएको हो । प्रदेशसभाको बजेट तथा आठौँ अधिवेशन अर्को सूचना जारी नभएसम्म स्थगन भएको छ भने यही सेरोफेरोमा सर्वसम्मति एवं सहमति जुटाउन मुख्यमन्त्री राई प्रदेशको नामकरणका लागि छलफल शुरु गर्नुभएको हो ।

मुख्यमन्त्री राईले दलका नेताहरुसँग प्रदेशको नामका लागि सहमति गरेर अगाडि बढ्नुपर्ने भन्दै छलफललाई तीव्रता दिनुभएको छ ।

प्रदेशसभामा प्रतिनिधित्व गर्ने नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रलगायतका दलका नेताहरुसँग मुख्यमन्त्री राईले छलफल गर्नुभएको हो । छलफलका क्रममा दलका नेताहरुले आ-आफ्नो पार्टीभित्र समान धारणा बनाएर अगाडि बढाउने बताउनुभएको छ । रासस

# कमलाको बाँध मर्मतकालागि प्रदेश सरकारले ५० लाख दिँदै

**टुडे समाचारदाता**




जनकपुरधाम । कमला नदीको बाढीले बगाएको बाध मर्मतकालागि प्रदेश सरकारले समेत बजेट उपलब्ध गराउने भएको छ । प्रदेश २ का आन्तरिक मामिला तथा सञ्चार मन्त्री भरत प्रसाद साहले कमलाको बाध मर्मतकालागि प्रदेश सरकारले ५० लाख बजेट उपलब्ध गराउने बताएका छन् । प्रदेश विपत कोषबाट कमला नदीले कटान गरेको बाध मर्मतकालागि ५० लाख बजेट उपलब्ध गराउने प्रक्रिया अगाडी बढाइएको साहले बताए ।

कमला बाध भत्कीएर जनधनको क्षति हुने अवस्था आएपछि संघिय सरकारले ५० लाख उपलब्ध गराएको रकम अपुग रहेकोले तत्कालकालागि प्रदेश विपत व्यवस्थापनबाट ५० लाख बजेट उपलब्ध गराउने प्रक्रिया अगाडी बढाएका छौ, उनले भने । मर्मतकालागि मात्रै ५० लाख दिएको हो, मन्त्री साहले भने,'निरन्तरको वर्षाका कारण बाध बनाउने अवस्था छैन । तत्काल बाढी बस्तीमा प्रवेश गर्न नदिएर धनजनको क्षतिहुनबाट बचाउन बाध मर्मत मात्रै सम्भव छ ।' वर्षा सकिएपछि कमलाको बाध स्थायि रुपले निर्माण हुनेछ, उनले भने ।

धनुषाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा र विपत व्यवस्थापन समितिलाई बजेट उपलब्ध गराउने मन्त्री साहले बताए । कमला नदीले बाध कटान गरेपछिको अवस्थाबारे जानकारी लिन धनुषाका प्रमुख जिल्ला अधिकारी सहितका टोलीलाई आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयमा भेटघाटपछि प्रदेश सरकारले बजेट उपलब्ध गराएको हो ।

एक साता अघि निरन्तरको वर्षाले कमलामा आएको बाढीले धनुषा तर्फ किरतपुर र पटेर्वामा बाध कटान गरेको छ । बाध कटान गरी बस्ती क्षेत्रमा बाढी पस्ने जोखिम भएपछि संघिय सरकारले ५० लाख बजेट उपलब्ध गराएको थियो । संघिय सरकारले बजेट उपलब्ध गराएपछि बाध मर्मतका काम भइरहेको धनुषाको प्रमुख जिल्ला अधिकारी बन्दुप्रसाद बास्तोलाले बताए ।

किरतपुर र पटेर्वा गरी बाढीले ११ सय मिटर बाध बाढीले बगाएको कमला नदी नियन्त्रण आयोजना कार्यलाका प्रमुख एकराज भट्टराइले बताए । बाध बगेर बस्तीमा बाढी प्रवेश गर्न नदिन पहिलो चरणमा काम भइरहेको उनले बताए ।

# तीन हजार ८९९ सङ्क्रमण, एक हजार ७७८ निको

काठमाण्डु । तीन हजार ८९९ मा कोरोना भाइरस सङ्क्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको तथ्याङ्कअनुसार आज १७ हजार ५१८ मा परीक्षण गर्दा तीन हजार ८९९ मा सङ्क्रमण पुष्टि भएको हो । यो संख्या सोमबारभन्दा ४७८ ले बढी हो ।

सङ्क्रमितसँगै मुलुकभर सङ्क्रमितको संख्या सात लाख ४२ हजार ८१७ पुगेको छ । सङ्क्रमण दर १९.२ प्रतिशत छ ।

**उपत्यकामा ७७४ संक्रमित थपिए**

यसैगरी काठमाडौँ उपत्यकामा मंगलवार मात्र ७७४ जना सङ्क्रमित पुष्टि भएका छन् । काठमाडौँ ४७५, ललितपुरमा १६७ र भक्तपुरमा १३२ जना सङ्क्रमित् पुष्टि भएका छन् ।

**एक हजार ७७८ निको**

सङ्क्रमणबाट स्वास्थ्यलाभ गरेर मंगलवार एक हजार ७७८ फर्किएका छन् । योसँगै स्वास्थ्यलाभ लिनेको संख्या छ लाख ४७ हजार ७९ पुगेको छ । निको हुने ९४.४ प्रतिशत रहेको छ ।

यसैगरी सङ्क्रमणबाट मंगलवार २२ जनाको निधन भएको छ । योसँगै निधन हुनेको सङ्ख्या नौ हजार ७५८ पुगेको छ । पाँच सयभन्दा बढी सङ्क्रमित हुने जिल्ला ११ पुगेका छन् । मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, काठमाडौँ, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, नवलपरासी (पूर्व), कास्की र रुपन्देही छन् । यस्तै २०० भन्दा बढी सङ्क्रमित हुने जिल्ला २२ पुगेका छन् । रासस

# आर्थिक मारमासिनेमाहल संचालनहरु

**टुडे समाचारदाता**

जनकपुरधाम । कोरोना महामारीकारोकथामतथानियन्त्रणको लागि गरिएको लकडाउन खुकुलो भएसँगै अधिकाश क्षेत्र समान्य अवस्था तर्फ फर्किदै गएको छ । लामो तथा छोटो दुरीका सवारी साधनदेखि हाटबजार, उद्योग कलकारखानाहरु समेत संचालनमा आईसकेको छ । त्यसैगरि, संस्थागत विद्यालयत थाक्याम्पसहरुले अनलाईन पठनपाठन गराउदै आएको छ । तर कोरोना महामारीको प्रत्यक्ष प्रभाव सिनेमाहल संचालनकहरु नराम्रीप्रभावित भएका छन् । पहिलो लकडाउन पश्चात गत ६ चैत देखि बन्द रहेको सिनेमा हलहरु खुलेको थियो । पहिलो लकडाउन समाप्त भई समान्य अवस्था झै विभिन्न क्षेत्रको गतिविध सुरु भएको महिनौ पछि मात्रै सिनेना हलहरु संचालनमा आएको थियो । हलहरु विगतको अवस्था नफर्किदै पुनः दोस्रो पटक गरिएको लकडाउनले उनीहरु आर्थिक रुपमा धरासायी नै हुनपुगेका छन् । पहिलो लकडाउन समाप्त भएको करिव तीन महिना पछि मात्रै हामीले हल संचाल नगर्न पार्यौ, हल संचालन भएर पनि नयाँ फिल्मको अभावमा हलमा दर्शन पनि आउने छै छाडे, दैनिक तीन शोर चल्ने सिनेमाहलहरु एक शो चलाउन पनि दर्शन पुग्दैन थियो । तर तिअवस्था कायमै नै रहेको समयमा पुन लकडाउन हुदाँ आफुहरु आर्थिक रुपमा धैरै नै पीडित भएका छौ,' आशा सिनेमा हल जनकपुरमा म्यानेजर रामचन्द्र साहले भने ।

यता, लामो समयदेखि हलबन्दहुदाँ सिनेमा देखाउने मेसिन, ब्याट्री लगायतका समान समेत खराब भएर सिनेमाहल सञ्चालनगर्न थप लगानी गर्नु परेको उनले बताए । उनले भने,' एक त लामो समय देखि हलबन्द हुदाँ धेरै आर्थिक क्षति भएको छ, पुनः सञ्चालमा ल्याउन थप लगानी गन पर्ने हुछ । फेरि नयाँ फिल्महरु रिलिज नहुदाँ पुरानै फिल्म देख्न दर्शकहरु पनि आउदैन, यसरी हामीअन्य क्षेत्र भन्दा सिनेमाहल सञ्चालकहरु झन कठिनाईमा परेका छन् ।'

लामो समय सम्म हल बन्दरहेकोले न्युनतमलागे विजुली दस्तुर मासिक १० हजार, टयक्स, घरभडा, स्टाफ खर्च गरिमा करोडौ खर्च भएको हल सञ्चालकहरुले बताए ।

सरकारले हल सञ्चालकहरुलाई सहुलियत दिनु पर्ने साट्टो झन न्युन्तम विजुलीबिल बुझाउन एक महिना मात्रै ढिलो भएपछि १० प्रतिशत जरिवना लिन्छ, उनले प्रश्न गरे,' सरकारले सहयोग गरेन भने कसरी व्यवसायि चल्छन, व्यवसायिको समस्या सरकारले बुझनुपर्छ ?

# वन कार्यालयको अनियमितता छानवीनको माग




**टुडे समाचारदाता**

जनकपुरधाम । डिभिजन वन कार्यालय सिरहामा फलफुलको विरुवा खरिदमा भएको अनियमितता छानवीनको माग गर्दै प्रदेश २ सरकारलाई चार दिने अल्टीमेटम दिएको छ ।

चुरे तथा वनजंगल संरक्षण अभियानका केन्द्रिय अध्यक्ष सुनिल कुमार यादवले मंगलबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै डिभिजन वन कार्यालय सिरहाको विषयमा पटक पटक छानवीन गर्न प्रदेश सरकारसंग माग गरिएपनि गंभिर नभएकोले प्रदेश २ को वन मन्त्रालयमा ज्ञापनपत्र बुझाइएको बताए ।

आउँदो साउन १६ गते सम्म छानवीन समिति गठन र पक्राउ परेका अभियानीलाई रिहा नगरिए साउन १७ गतेदेखि धर्ना, जुलुस लगायतका कार्यक्रम गर्ने बताए । उनले साउन २ गते डिभिजन वन कार्यालय सिरहामा ध्यानाकर्षणका लागि शान्तिपुर्ण प्रदर्शनको क्रममा डिभिजन वन कार्यालय सिरहाका प्रमुख सुभाष दासले प्रहरी प्रशासन बोलाएर दमन गर्न लगाएको र आफना दुइ जना अभियानीलाई पक्राउ गरि मुद्दा समेत चलाएकोले छानवीनको माग गर्दा आफु लगायत आफना अभियानीहरुलाई कानुनी झण्झटमा फसाउने षडयन्त्र गरेकोले यथाशिघ्र छानवीन र अभियानीलाई रिहाई गर्नुपर्ने माग गरे ।

यता सामाजिक अभियन्ता सरोज रायले डिभिजन वन कार्यालय सिरहाका प्रमुख दासकै नेतृत्वमा मारुती सिमेन्टले जवर जस्ती प्रयोग गर्दै आएको वनको जग्गा फिर्ता गराउनका लागि समिति गठन भएको डेढ वर्ष वित्न लाग्दा समेत छानवीन नभएको बताए । उनले वनको जग्गा फिर्ताका लागि आवश्यक पहल गर्न प्रदेश सरकारसंग माग गरे ।

चुरे तथा वनजंगल संरक्षण अभियानले अघि सारेका मागमा अभियानी सुरेश कुमार महतो र सुरेश कुमार सिंहलाई अविलम्व रिहा, वन नियमावली २०५१ को दफा २२लाई मिचेर वनका डीएफओ सुभाष दासले आर्थिक कार्यक्रम संचालन गरेको सम्वन्धमा छानवीन गर्नुपर्ने,मारुती सिमेन्टले प्रयोग गर्दै आएको जग्गालाई छानवीनका लागि गठन गरिएको समितिले लामो समय सम्म पनि प्रतिवेदन सार्वजनिक नगरिएको सम्वन्धमा छानवीन गर्नुपर्ने,फलफुलको विरुवा खरिदमा देखिएको व्यापक अनियमितताको छानवीन र आर्थिक वर्ष २०७६/०७७ र आर्थिक वर्ष २०७७/०७८ मा वन कार्यालय सिरहाले गरेका कार्यहरुको अविलम्व छानवीनको माग गरेको छ । तोकिएको मिति भित्र छानवीन समिति गठन नगरिए साउन १७ गते देखि अभियानी अमन यादवको संयोजकतवमा अनिश्चितकालीन आन्दोलन सुरु गर्ने जनाइएको छ ।

## स्वास्थ्य मापदण्ड पालनामा गम्भीर हुन विज्ञको सुझाव

काठमाण्डु । कोभिडको महामारीबाट जोगिन सरकारले लागू गरेका जनस्वास्थ्यका मापदण्ड गम्भीररूपमा पालना गर्न विज्ञले सुझाएका छन् । उहाँहरूले कोरोना भाइरसको रोकथाम र नियन्त्रणमा हेलचक्र्याइँ गरे एक महिनामा नै सङ्क्रमणको तेस्रो लहर आउने बताएका छन् ।

रिपोर्टर्स क्लब नेपालमा मंगलवार आयोजित ' कोरोना भाइरस सङ्क्रमणको तेस्रो लहरको सम्भावना, सरकारको पूर्वतयारी' विषयक अन्तर्क्रियामा जनस्वास्थ्यका विज्ञले अहिले स्वास्थ्यकामा मापदण्ड लागू नहुँदा सङ्क्रमण बढिरहेकाले तेस्रो लहर आउन सक्ने बताउनुभएको छ । रासस

# मुखियालाई ह्विलचेयर

**टुडे समाचारदाता**



मलगंवा । अपांगता भएका एक जना युवकलाई सर्लाहीका पत्रकार र व्यापारीले संयुक्तरूपमा अपांग मैत्री साइकल प्रदान गरेको छ ।

सर्लाहीका बसवरिया गाउँपालिका वडा न- ४ का स्थानीय लक्षमण मुखियाका छोरा सन्तोष मुखियालाई नेपाल पत्रकार महासंघ प्रदेश-२ कोषाध्यक्ष एवं बसबरिया गापा वडा न-५ निवासी विशवनाथ ठाकुर र खुश्बु अफ्सेट प्रेस मलंगवाले अपांग मैत्री साइकल प्रदान गरेको स्थानीय बच्चेलाल पन्डितले जनाएको छ ।

मुखियालाई २ बर्ष पहिला बाइक दुर्घटनामा परेर देब्रे खुटा गुमाउँदा हिंडडुल गर्न मुस्किल पर्दै आएकोले उनको सहजताको लागि उक्त अपांग मैत्री साइकल प्रदान गरिएको पंडितले बताए ।

## आधारभूत अस्पतालका लागि डिपिआर पेश गर्न आग्रह

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ६५५ स्थानीय तहलाई आधारभूत अस्पतालका लागि विस्तृत परियोजना विवरण (डिपिआर) पठाउन आग्रह गरेको छ ।

मन्त्रालयले ती स्थानीय तहले आधारभूत अस्पताल निर्माणका लागि डिपिआर नबुझाउँदा अस्पताल निर्माणका लागि बजेट विनियोजन गर्न समस्या परेकाले सो आग्रह गरेको हो । मन्त्रालयको नीति योजना तथा अनुगमन महाशाखामा प्रमुख डा गुणराज लोहनीले ती स्थानीय तहमा अस्पताल निर्माणका लागि आवश्यक जग्गाको सुनिश्चितता र डिपिआर तयार गरी पठाउन निर्देशन दिइएको जानकारी दिनुभयो ।

मन्त्रालयले आर्थिक वर्ष २०७७/२०७८ मा ३९६ स्थानीय तह र आव २०७८/२०७९ मा २५९ स्थानीय तहमा पाँचदेखि १५ शय्याका आधारभूत अस्पताल निर्माण गर्ने निर्णय गरेको थियो ।

# रासायनिक मलको माग बढ्दो, आपूर्ति घट्दो, मारमा किसान

लहान । सिरहामा वर्षेनी रासायनिक मलको माग बढ्दै गएको छ । माग अनुसार रासायनिक मलको आपूर्ति हुन नसकेपछि किसान समस्यामा परेका छन् । लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडमा वर्षेनी डिएपी र युरिया मलको आपूर्ति घट्दै गएपछि अन्य रासायनिक मल बिक्री वितरण गर्दै आएको कृषि सामग्री कम्पनी लहानमा वर्षेनी मलको आपूर्ति घट्दै गएकाले किसान समस्या परेका हुन् ।

आर्थिक वर्ष २०७६/०७७ को तुलनामा गत आर्थिक वर्षमा ३२ हजार ५०० बोरा डिएपी र छ हजार ४४० बोरा युरिया मलको आपूर्ति कम भएको



रासायनिक मलको बिक्री वितरण बढेको हो ।

एकातिर सिरहामा रासायनिक मलको माग बढ्दै गएको छ भने अर्कोतिर जिल्लामा हो । आर्थिक वर्ष २०७६/०७७ मा ९२ हजार ६८३ बोरा डिएपी र ८४ हजार ९६० बोरा युरिया मल आपूर्ति भएकोमा गत आर्थिक वर्षमा ६० हजार १८३ बोरा डिएपी र ७८ हजार ५२० बोरा युरिया मल आपूर्ति भएको कृषि सामग्री कम्पनी लहानका प्रमुख मणिराज पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार आर्थिक वर्ष २०७५/०७६ मा २३ हजार ७७ बोरा युरिया र दुई हजार ४०० बोरा डिएपी मल आपूर्ति भएकोमा आव २०७४/०७५ मा २६ हजार ७८८ बोरा युरिया र आठ हजार ५४९ बोरा डिएपी मल आपूर्ति भएको थियो । माग अनुसार आपूर्ति हुन नसक्दा जिल्लामा रासायनिक मलको हाहाकार हुने गरेको उहाँको भनाइ छ ।

त्यस्तै, आव २०७३/०७४ मा ९५ हजार ३२० बोरा डिएपी मल र ९८ हजार ७०५ बोरा युरिया मल आपूर्ति भएको कृषि सामग्री कम्पनी लहानले जनाएको छ । सिरहामा साउन महिनामा मात्र ३० हजार बोरा युरिया र त्यतिकै परिमाणमा डिएपी मल चाहिएकोमा हाल १५ हजार ८८५ बोरा युरिया र दुई हजार ८०० बोरा डिएपी मल आपूर्ति भएको कृषि सामग्री कम्पनीले जनाएको छ । कृषि सामग्री कम्पनी केन्द्रीय कार्यालयबाट सो परिमाणको मल प्राप्त भएपछि कोटा निर्धारण गरेर हिजोबाट सिरहाका स्थानीय तहमा रहेका सहकारी संस्थाका डिलरहरूमार्फत किसानलाई वितरण गर्न थालिएको छ । रासस

# सांसदले उठाए बाढीपहिरोको विषय

काठमाण्डु । प्रतिनिधिसभामा सांसदहरूले बाढी, पहिरोबाट भएको क्षति, कोभिड सङ्क्रमण जोखिम नियन्त्रण र बलात्कारका घटनाको सत्यतथ्य सार्वजनिकलगायत विषय उठाएका छन् ।

प्रतिनिधिसभाको मंगलवारको विशेष समयमा भाग लिँदै सांसदले मुलुकका जल्दाबल्दा र मूलभूत विषयमा सरकारले कार्ययोजना नै बनाएर नागरिकलाई परेको पीडालाई सम्बोधन गर्न सुझाव दिनुभयो । नेकपा (एमाले) का लालबाबु पण्डितले कोरोनाको तेस्रो लहरको जोखिमबाट नागरिकलाई बचाउन र सुकुम्बासीका समस्या समाधानका लागि गठन भएको भूमिसम्बन्धी आयोगलाई निरन्तरता दिन माग गर्नुभयो । उहाँले भन्नुभयो, "यो सरकार गठन हुनासाथ भूमिसम्बन्धी आयोग विघटन गरिएको छ, जुन कार्य ठीक होइन । यो मन्त्रिमण्डल देश र जनताको हितमा काम गर्छ कि गर्दैन भनेर जनताले चासोका साथ हेरिरहेका छन् ।"

नेपाली कांग्रेसकी पुष्पा भुसालले जनस्वास्थ्य विज्ञले कोरोनाको तेस्रो लहर आउन सक्ने पूर्वानुमान गरेकाले त्यसको तयारीका लागि आवश्यक व्यवस्थापन समयमै गर्न सुझाव दिनुभयो । कोभिसिल्ड पहिलो खोप लगाएकाले अर्को खोप लगाउन नपाएको विगतको घटना सुनाउँदै उहाँले भन्नुभयो, "ज्येष्ठ नागरिक र बालबालिकाको जीवन रक्षाका लागि खोपको व्यवस्थापन र विदेश जाने युवालाई तत्काल जोन्सन एण्ड जोन्सन खोप लगाउने व्यवस्था होस् ।"

सांसद हरिराज अधिकारीले कोरोनाविरुद्धको खोपमा पहुँचको कुरा सुनिएको हुँदा त्यसलाई हटाएर सबैलाई खोपको सुनिश्चितता गर्न सुझाव दिँदै गोरखाका बाढी, पहिरो प्रभावित पालिकालाई विशेष प्रभावित क्षेत्र घोषणा गर्न माग गर्नुभयो । जनता समाजवादी पार्टीका डा सुरेन्द्र यादवले महोत्तरीका कतिपय नदीमा उत्खननका काम तीव्र भइरहेकाले त्यसको नियन्त्रणको आवश्यकता औँल्याउनुभयो ।

नेकपा (एमाले) की विद्या भट्टराईले राष्ट्राध्यक्षमाथि समेत प्रयोग भएका शब्दले समाजमा भइरहेको महिला हिंसा बढिरहेको देखाएको भन्दै आमनागरिकमा सकारात्मक सोच र असल व्यवहारको संस्कार स्थापित गर्न जरुरी रहेको बताउनुभयो । नेपाली कांग्रेसका देवप्रकाश तिमल्सिनाले बाढी, पहिरो र डुबानको क्षति यकिन गरेर मात्र नहुने भएकाले पुनर्वास कार्ययोजना आवश्यक रहेको बताउनुभयो ।

सांसद केदारप्रसाद सिग्देलले नेपालमा पहिलोपटक कोरोना सङ्क्रमण देखिँदा कुनै तयारी नभए पनि अहिलेसम्म परीक्षण र स्वास्थ्य उपचारको अनुभवले धेरै पाठ सिकाएको हुँदा आत्तिहाल्नुपर्ने अवस्था नरहेको धारणा व्यक्त गर्नुभयो । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# ठाकुर जी सन्यास लेउ

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव नेतृत्वको समुहले निर्वाचन आयोगबाट पार्टीको आधिकारिकता पाएपछि महन्थ ठाकुर नेतृत्वको समुहले अर्को दल दर्ता गर्नुपर्ने अथवा त्यसै दलमा सदस्यको रुपमा रहनु पर्ने बाध्यता भएकोछ । अर्को दल गठनगर्दा उनी र त्यसमा लाग्ने सांसदहरुको पद समाप्त हुन सक्छ । त्यसकारण ठाकुरले लामो राजनीतिक जीवनलाई अब धेरै विवादाष्पद बनाउनु भन्दा सकृय राजनीतिबाट सन्यास लिएर समग्र मधेशको अभिभावकत्वको भूमिका निर्वाह गर्नु उपयुक्त हुनेछ । पछिल्लो समयमा ठाकुरले अत्यन्त निकृष्ट कार्यहरु स्वार्थपुर्तीका लागि गरे । जसपाको अध्यक्ष रहेका नेताले अर्का अध्यक्ष र सदस्यहरुको हस्ताक्षरलाई किर्तेगरि माइन्युट नै नभएको विषयलाई नक्कली माइन्युट बनाएर निर्वाचन आयोग लगायत सर्वोच्च अदालत समेतमा पेश गर्नु अनैतिक र निकृष्ट कार्य हो । नेपालको राजनीतिमा इमान्दारीपूर्वक कार्य गर्नेहरुको कमि नै छ । तर ठाकुरले त्यस्तो निकृष्ट कार्य गर्न सक्ने अपेक्षा समान्यतया गर्न सकिदैन् । राष्ट्रिय राजनीतिमा बैकल्पिक शक्तिको रुपमा उदाएको जसपालाई धराशायी बनाउन ठाकुर समुहले सम्पूर्ण नैतिक, अनैतिक कार्यहरु गरे । संगठनलाई जोगाउन र प्रभावकारी बनाउन ठाकुर समुहले काम गर्नपनि चाहेनन् र अरुलाई गर्नपनि दिएनन् । छात्रकालदेखिको राजनीतिमा सदैव पदमा रहेका ठाकुर कहिल्यै पद अनुसारको आचरण भने गरेको देखिएन् । उनी परिवार र आसेपासे भन्दा बाहिर जान सकेनन् । व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर उनले संगठनको कामलाई हेरेनन् । त्यसकै परिणाम तमलोपा र राजपा प्रभावशाली बन्न नसकेको हो । संगठनलाई सुदृढ बनाउन नचाहने र पदपनि कहिल्यै नछाडने ठाकुरको प्रवृतीले मधेशका नेताहरुप्रति जनविश्वास निकै घटेको छ । निर्वाचन आयोगबाट कित्ता छुट्टयाइसकेपछि ठाकुरले अब अलग बाटो रोज्नु पर्छ । जसपा पार्टीलाई नै समाप्त गर्नेगरि ठाकुरले कहिले किर्तेजालसाजी गर्ने त कहिले सर्वोच्चमा मुद्दा हाल्ने काम गरे । निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीका लागि पार्टी विभाजन सम्मको अवस्थामा अर्को पक्षलाई पुऱ्याउन उनको कुन स्वार्थले काम गरे । उपेन्द्र यादवसित छलफलगरि पार्टीलाई एकिकृत रुपमा अगाडी बढाउन कार्यकारिणी समितिको बैठक बोलाइएको सुचना समेत संयुक्त हस्ताक्षरबाट जारी गरेको घण्टा नपुग्दै एकल हस्ताक्षरबाट राजेन्द्र महतोलाई संसदीय दलको नेता भएको जनाउ संसद सचिवालयमा कुन अभिप्रायले दिए ? ठाकुरले गरेका थुप्रै अक्षम्य अपराधहरु छन् । २० जना सांसदको बहुमतले दलको नेता बनेको दावी गर्ने महतोसित आज एकजनापनि छैनन् । कार्यकारिणी समितिमा समेत दुई तिहाई भन्दा बढी मतले पछाडिएका ठाकुर-महतो लगायतले जसपालाई इमान्दारीपूर्वक काम गर्न दिनु पर्छ । उनीहरुले जसपा अध्यक्ष यादवसित समन्वयगरि सांसद पद रहनेगरि अर्को दलको प्रकृयामापनि जान सक्छन् । ठाकुर-महतोले राजपालाई संगठनात्मक स्वरुपग्रहण गर्न नदिए जस्तै जसपामा पनि गर्न खोज्नु हुँदैन् । प्रतिष्ठा जोगाउन ठाकुरले सन्यास लिनु नै उपयुक्त हुनेछ ।

# अझै स्मार्ट बन्नु भएन ?



सञ्जय मित्र

> जब तपाई स्मार्ट बन्नुहुनेछ तब बिना काम लखर लखर कतै हिँड्नु पर्दैन । तपाईको समयको पूरापूर उपयोग हुनेछ । एक दिनमा चौबिस घन्टा कम लाग्न थाल्नेछ । साथीसंगीका बीच बस्दा पनि एकातिर बोल्दै अर्कोतिर मनको कुरा खोल्दै गर्न पाइन्छ । कुनै पनि बेला खाली बस्न पाईंदैन । कुनै कुनै समय त यस्तो लाग्न थाल्छ कि दशमुख भएको रावणजस्तै दशतिर एकसाथ कुराकानी गर्न सक्छु । दशतिर दशथरिको कुरा गर्न सक्षम बनाउँछ । मैसेन्जरमा चार जनासित एकैसाथ मैसेज लेखेर, धार्मिक सिरियलका भगवानहरुजस्तै ग्रुपमा वा एक्लाएक्लै प्रकट भएर, नम्बरमा सुमधुर आवाजसित आदि जसरी मन लाग्छ बक्न पाइन्छ । अझ एक्लै भएको बेला झन् व्यस्त बनाउँछ । दिनको उज्यालोदेखि रातको अँध्यारोसम्म जहाँ जे र जस्तो सामग्री चाहिन्छ, स्मार्ट फोनले दिन्छ । ताईँको सामग्री ग्रहण गर्छ पनि । कोही कसैसित दशकौं अघि विछोड भएको सम्झना नभए पनि यसले गराउँछ । सम्पर्क पनि गराउँछ ।

आजको दुनियाँमा तपाईँ अझै स्मार्ट बन्नु भएको छैन भने भोलिको इतिहासले तपाईँलाई गाली गर्नेछ । तपाईँको बोलीमा लोली मिलाउँदै जहिले नि मृदु मुस्कानसहित हरेक बोलीमा ताली पिट्ने सालीले पनि गाली गर्न बेर छैन । स्मार्ट नहुने मानिस पनि भिनाजु हुन सक्छ ? बरु अर्कैलाई भिनाजु भन्छु भन्लिन् साली नानीले । आजभोलि स्मार्ट नहुँदा ससुरालीको अपुताली पनि खाली खाली हुन्छ रे ।

**धेरै चिन्तै लिनु पर्दैन । स्मार्ट बन्न कुनै गाह्रो पनि छैन :**

***जानुस् नजिकको मोबाइल मार्ट***
***किन्नुस् एउटा र बन्नुस् स्मार्ट ।***

हो, स्मार्ट बनाउन मोबाइलले स्टार्ट गर्छ । एउटै मोबाइलले भएभरको स्मार्ट बनाइदिन सक्छ । यो दुनियाँको आठौं आश्चर्य हो । जो यसको सम्पर्कमा पुग्छ स्मार्ट भइहाल्छ, अमृत पिउने अमर भएजस्तै । छोयो कि भयो । दुनियाँमा अहिले जो जो नयाँ स्मार्ट छन्, ती सबै मोबाइलकै कारण सम्भव भएको हो । तपाईँको सहर अथवा गाउँ नै स्मार्ट बनिसकेको तपाईँ नाङ्गो आँखाले देख्न पाउनु हुन्न, स्मार्ट मोबाइलले नै बताउने छ, गाउँकै गाथा ।

एकदम सही हो, जब तपाईँको हातमा एउटा स्मार्ट मोबाइल पर्छ तब तपाईँ आफै स्मार्ट । जुन कम्पनीको मोबाइल छ, सोही कम्पनीको स्मार्ट हुँदैन । तपाईँलाई कस्तो किसिमको स्मार्ट बन्नु छ, त्यो तपाईँको प्रतिभाले देखाउँछ । तपाईँको प्रतिभा देश र दुनियाँले देख्छन् । तर पहिलो नजरमै स्मार्ट बनिहाल्न सामाजिक सञ्जालमा तपाईँको पहिलो फोटो नै स्मार्ट हुनु अनिवार्य छ । भित्र गिलो हिलो भए पनि माथिबाट पानीदार र चिप्लिने मार्बलले टालेको चमकदार सडक निर्माण भएर टिलिक्क टल्किन्छ, त्यस्तो टिलिक्क टल्किने र आँखा मिलिक्क हुने झिल्के स्मार्ट फोटोको अवतरण गर्नु उपयुक्त हुन्छ । अलि पछि बाहिर हेर्दा खाउँ खाउँ लाग्ने चित्ताकर्षक आँप र स्याउ भित्रभित्रै कुहिएर स्याउँ स्याउँ कीरा परेको देख्नु भएकै छ, हो गिदी र गुदी नभए पनि कुनै बेला दार्शनिक बनेको फोटो सामाजिक सञ्जालमा उद्घाटन गर्नुहोला । स्मार्ट मोबाइलले तपाईँलाई स्मार्ट दार्शनिक, स्मार्ट गायक, स्मार्ट कवि सबै बनाइदिन्छ । तपाईँलाई जीवनमा के के बन्न मन लागेको थियो ? ती बन्न वा भन्न नपाएको सारा तिर्सना स्मार्ट बनेपछि पूरा हुन्छ । यसैले स्मार्ट मोबाइललाई मैले स्मार्ट कल्पवृक्ष नामकरण गरेको छु । तपाईँ आफूलाई स्मार्ट मोबाइलमा कल्पना गर्नुस्, यसले तत्काल पूरा गरिदिन्छ :

**मोबाइलमै छ सबै चिज खोजे पाइन्छ तुरुन्त**
**स्मार्टले मात्र पाउने यो सृष्टिको आदि अन्त ।**

अझै पनि चित्त बुझेको छैन ? तपाईँको चित्तसित मित लगाउने स्मार्ट मोबाइलका केही अद्भूत फाइदा देखेपछि त्यही चित्त तीन चित्त खान्छ । अहिले नै स्मार्ट बन्नु भएन भने पछि पछुताउनु पर्ला । हेर्नुहोस् स्मार्टका केही फाइदाहरू :

**समयको सदुपयोग**

जब तपाईँ स्मार्ट बन्नुहुनेछ तब बिना काम लखर लखर कतै हिँड्नु पर्दैन । तपाईँको समयको पूरापूर उपयोग हुनेछ । एक दिनमा चौबिस घन्टा कम लाग्न थाल्नेछ । साथीसंगीका बीच बस्दा पनि एकातिर बोल्दै अर्कोतिर मनको कुरा खोल्दै गर्न पाइन्छ । कुनै पनि बेला खाली बस्न पाइँदैन । कुनै कुनै समय त यस्तो लाग्न थाल्छ कि दशमुख भएको रावणजस्तै दशतिर एकसाथ कुराकानी गर्न सक्छु । दशतिर दशथरिको कुरा गर्न सक्षम बनाउँछ । मैसेन्जरमा चार जनासित एकैसाथ मैसेज लेखेर, धार्मिक सिरियलका भगवानहरूजस्तै ग्रुपमा वा एक्लाएक्लै प्रकट भएर, नम्बरमा सुमधुर आवाजसित आदि जसरी मन लाग्छ बक्न पाइन्छ । अझ एक्लै भएको बेला झन् व्यस्त बनाउँछ । दिनको उज्यालोदेखि रातको अँध्यारोसम्म जहाँ जे र जस्तो सामग्री चाहिन्छ, स्मार्ट फोनले दिन्छ । तीईँको सामग्री ग्रहण गर्छ पनि । कोही कसैसित दशकौं अघि विछोड भएको सम्झना नभए पनि यसले गराउँछ । सम्पर्क पनि गराउँछ । तपाईँको मनमा केही नभए पनि यसले प्रश्न सोधिरहन्छ : ह्वाट इज अन योर माइन्ड, ... ? बस्, यसको उत्तर दिँदै जानुस्, स्मार्ट बन्दै जानुस् । प्रश्नको उत्तर दिनै नसक्ने होइन ! तपाईँ जति प्रश्न आउँछ उत्तर दिँदै जानुहोस्, संसारको सबैभन्दा स्मार्ट बन्नु भएन भने मलाई भन्नुहोला । ह्वाट इज अन योर माइन्ड, ... ? जम्मा एक प्रश्नको निरन्तर उत्तर दिएर यदि यो प्रश्न सकिन्छ भने विश्वका सारा रेकर्ड तपाईँको नाममा आउन बेर छैन ।

अझ मलाई के विश्वास छ भने जति जति स्मार्ट बन्दै जानुहुनेछ उति उति समयको अभाव हुँदै जानेछ जसले गर्दा एक दिनमा चौबिस घन्टा निकै कम लाग्न थाल्नेछ र एक दिनको चौबिस घन्टालाई बढाउनको लागि सरकारलाई दबाब दिन थाल्नु हुनेछ । उस्तै परे एक दिनको चौबिस घन्टालाई बढाएर कम्तीमा तीस घन्टा पुऱ्याउन सडक आन्दोलन गर्न बेर लाग्ने छैन ।

स्मार्ट मानिसलाई समय नै राक्षस लागिरहेको छ किनभने समय अपुग भइरहेको छ । हरेक मानिसलाई व्यस्त बनाएको छ । वास्तवमा व्यस्तताको अर्को नाम नै स्मार्ट हो । जो जति धेरै स्मार्ट ऊ त्यत्ति धेरै व्यस्त । र, स्मार्ट मोबाइल बोक्ने कस्सैलाई पनि फुर्सद छैन । जो स्मार्ट छ ऊ बेफुर्सदी छ र जो बेफुर्सदी छ ऊ स्मार्ट छ । यसै कारण पहिले जजसले जुन देउतालाई पूजा गरे पनि अहिले स्मार्ट देवता, मोबाइल देवता नै इस्ट देवता, ग्राम देवता र गृह देवता बनेको छ । सबै जात, धर्म, सम्प्रदाय तथा समुदायका मानिसले बिहान सबेरैदेखि राति अबेरसम्म मोबाइलको दर्शन गर्दछन् । स्मार्ट मोबाइलको स्क्रिन हेर्दै निदाउँछन् र त्यही स्क्रिन हेर्दै ब्युँझन्छन् । कतिपय त जीवनको अन्तिम आँखा चिम्लाइलाई पनि स्मार्ट बनाउँछन् ।

**दृष्टिशक्तिको उपयोग**

आँखाको दृष्टिशक्ति होओस् चाहे दिमागको दृष्टिकोण शक्ति होओस्, दुवैको असली उपयोग स्मार्ट मोबाइलले गर्दछ । उपयोग नगर्दा दुवै खेर जाने हुन्छन् । आजभोलि बालबालिकाहरूलाई नै हेर्नुहोस् न, स्मार्ट मोबाइलको उपयोग गर्दछन् । समय बितेको पत्तै हुँदैन । दृष्टि र दिमाग दुवैको बाल्यावस्थामै भरपूर उपयोग गर्दछन् । अनि त हजुरबाको अगाडि आँखामा स्मार्ट चस्मा लगाएर झन् स्मार्ट बन्न पाएका छन् । कुनै हिसाब होओस् कि सानोतिनो घरायसी समस्या, हजुरबाले केही सोध्दा तुरुन्त स्मार्ट फोनबाट जबाब दिइहाल्छन् । हजुरबाको नाम पनि उही स्मार्ट फोनमै पढेर बताउने बालबालिकाहरूमा गज्जबको क्षमताको विकास भएको छ । पहिले पहिले हजुरबा बालख हुँदा र अहिले नाती बालख हुँदामा तुलना गर्नुस् त को कति कसरी स्मार्ट छन् ? स्मार्ट फोनको अत्यधिक उपयोगले आँखालाई पनि स्मार्ट बनाउँछ ।

**एक्लै हुन नदिने**

स्मार्ट मोबाइल हातमा हुने कहिल्यै एक्लै भएको महसुस गर्न सक्दैनन् । जसरी धार्मिक क्षेत्रका मानिसहरू जहाँ भए पनि ईश्वर साथ हुन्छन् भन्दछन् । बोतलसेवीहरूको प्रोत्साहनको लागि जसरी पहिले लेखिएको हुन्थ्यो : तपाईँ जहाँ भए पनि ...... । यसरी जहाँ र जुनसुकै अवस्था स्मार्ट मोबाइलले साथ दिइरहेको हुन्छ । यो स्मार्ट साथी हो, समय कटाउने स्मार्ट सारथी हो ।

यसले सयौँलाई तपाईँलाई लाइक गर्न लगाउँछ । वास्तिवक जीवनमा कसैले लाइक नगरे पनि स्मार्ट सञ्जालमा हर दिन सयौँले लाइक गर्छन् । फलो गर्छन् । कमेन्ट गर्छन् । तपाईँ जहाँ भए पनि फोटो, स्टेटस र भिडियोले तपाईँको मनलाई रंगीन साँझझैँ रमाइलो बनाइरहन सक्छ । लाइक र कमेन्ट गरेर कहिल्यै थकान महसुस हुन दिँदैन । कहीँ पनि र कहिल्यै पनि एक्लै किन हुन दिँदैन भने स्मार्ट फोनमा जहिले र जहाँ पनि उपस्थित हुन्छन् :

**सारीवाललाई दाह्रीवाल र दाह्रीवाललाई सारीवाल**
**तिन धर्के साधु पनि हुन्छन् यहाँ स्मार्ट नारीवाल ।**

**सबै आफन्त हुने**

जब तपाईँ स्मार्ट बन्नुहुन्छ तब संसारका सबै स्मार्ट तपाईँको पहुँचमा हुन्छन् । तपाईँ सबै स्मार्टको पहुँचमा पुग्नुहुन्छ । तपाईँ स्मार्ट संसारमा परिचित हुन पाउनुहुन्छ । आफन्तहरूले अनुरोध पठाइरहन्छन्, तपाईँ पनि आफन्त बनाउन पाउनुहुन्छ । आफन्तलोक यति व्यापक हुन्छ कि को कुन ग्रहमा छन्, सबै थाहा हुन पाउँछ । स्मार्ट फोनले सबैलाई स्मार्ट बनाउने भएपछि तपाईँ आफू पनि स्मार्ट बन्नु हुनेछ । जसरी कोही एक्लै जन्मन्छ तर उसले आफूलाई अनेक नातामा पाउँछ त्यसरी जब तपाईँ स्मार्ट बन्नुहुनेछ तब तपाईँ एकै जना अनेक स्मार्ट बन्नुहुनेछ । तपाईँ स्मार्ट पिता वा माता, स्मार्ट पत्नी वा पति, स्मार्ट साली वा भिनाजु, स्मार्ट फुपू वा फुपाजु, स्मार्ट छोरा वा छोरी तपाईँलाई जे मन लाग्छ त्यहीँ बन्न पाउनुहुनेछ । आफूलाई स्मार्ट दुनियाँको सदस्य भन्न पाउनुहुनेछ । जब तपाईँ स्मार्टै बन्न पाउनु हुन्छ तब तपाईँको समय स्मार्ट हुन्छ, तपाईँको काम स्मार्ट हुन्छ र तपाईँको नाम पनि स्मार्ट हुन्छ । तपाईँका आफन्त स्मार्ट हुन्छन् । संसारलाई स्मार्ट बनाउन तपाईँको भूमिका पनि स्मार्ट हुन पुग्छ ।

र जब कुनै चाडपर्व आउँछ तब शुभकामनाको लाइन लाग्छ । एक दुई दिन पहिलेदेखि शुभकामना दिनेहरू हुन्छन् र एक दुई दिन पछिसम्म पनि शुभकामना आइरहन्छ ।

तपाईँको जन्मदिन होस् कि मरण दिन, विवाह दिवस होओस् कि सहिद दिवस, नयाँ वर्ष रहोस् कि खाना दिवस, दिसापिसाब दिवसमा पनि अनेक शुभकामना तथा बधाई पाउनुहुन्छ । घरमा छाना हाले पनि, जिउमा नाना हाले पनि, मनमा गाना फले पनि, थालमा खाना फले पनि, गालामा चड्कन परे पनि, दिलमा धड्कन बढे पनि सबैको शुभकामना र बधाईको बाढीले तपाईँलाई आनन्दको गंगामा बगाउँदै समुद्रसम्म पुऱ्याउँछ । तालुमा आलु फले पनि बधाई र छेरपटे लागेर जीउ गले पनि बधाई ।

**र, अन्त्यमा**

स्मार्ट फोनले तपाईँलाई नाइटमा, डाइटमा र फाइटमा पनि स्मार्ट बनाउँछ । जहाँ डार्क पुग्छ त्यहाँ स्मार्ट पुग्छ अर्थात् पहिले जहाँ रवि पुग्दैन त्यहाँ कवि पुग्छ भन्दथे तर अहिले स्मार्ट म्यान पुगिरहेको छ । तपाईँ नाउँ, गाउँ र ठाउँ स्मार्ट बन्छ । तपाईँको मान र शान बढाउँछ । तपाईँले सुन्नु भएको होला : मानिसले बिगारेको मोबाइल बन्छ तर मोबाइलले बिगारेको मान्छे बन्दैन । स्मार्ट मानिसका विरोधीहरू जो पुरातन संस्कृतिका जडसूत्रवादीहरू हुन्, तिनीहरूले यस प्रकारका बकम्फुसे अफवाह फैलाएका हुन् । बाँदरले आफ्नो घर बनाउँदैन र अरुको घरलाई पनि भत्काउँछ भनेजस्तै हो । बाँदरको जीउमा आएको खटिरालाई कन्याउँदा कन्याउँदै विशाल घाउ बनाउँछ भनेजस्तै कतै केही नपाएर स्मार्ट मानिसको विरोधमा कन्याएको खटिरो मात्र हो । मलाई के विश्वास छ भने स्मार्ट मोबाइल नबोके पनि यही लेख पढेर तपाईँ स्मार्ट बन्नु भयो । कि अझै पनि स्मार्ट बन्नु भएन ।

# २०२१ मा अहिलेसम्म धेरै संख्यामा नागरिक हताहत'

**बीबीसी**

अफगानिस्तानमा यो वर्षको पहिलो छ महिनामा अहिलेसम्मकै ठूलो सङ्ख्यामा गैरसैनिकहरू मारिएको वा घाइते भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।एउटा नयाँ प्रतिवेदनमा सन् २०२१ मा अहिलेसम्म १,६०० जनाभन्दा धेरै गैरसैनिकको मृत्यु भएको उल्लेख छ ।

उक्त सङ्ख्या गत वर्ष सोही अवधिको तुलनामा ४७ प्रतिशतले बढी हो ।सर्वसाधारण अफगान नागरिकका निम्ति यो सबैभन्दा घातक वर्ष बन्न सक्ने सम्भावना रहेको बताइएको छ ।अफगानिस्तान युद्धमा के अमेरिकाले अपेक्षा गरेको नतिजा पायो ?

**त्रास**

ती अधिकांश मृत्युका लागि तालिबानलाई दोष लगाइएको छ ।अन्य सरकारविरोधी समूहका कारण पनि



मानिसहरुखो मृत्यु भएको बताइएको छ ।अफगानिस्तानको ठूलो भागमा नियन्त्रण राख्ने तालिबान लडाकुहरूसँग सरकारी सैनिकहरू लडिरहेका छन् ।

अन्तर्राष्ट्रिय सेनाको फिर्तीसँगै मे महिनादेखि तालिबानले देशभरि आक्रमण बढाउँदै देशको झन्डै आधा भूभाग आफ्नो नियन्त्रणमा लिएको थियो । कैयौँ सहरहरू अहिले तालिबानको घेरामा छन् ।अफगानिस्तानका शिया हजारा समुदायमाथि पनि आक्रमण बढेको राष्ट्रसङ्घले जनाएको छ ।धेरैजसो अन्तर्राष्ट्रिय सेनाहरू झन्डै २० वर्ष अफगानिस्तानमा बसेर स्वदेश फर्किएका छन्।

**अहिलेसम्मकै उच्च विवरण**

राष्ट्रसङ्घले विवरण राख्न थालेको सन् २००९ यता सबैभन्दा ठूलो मानवीय क्षति मे र जुन महिनामा भएको पाइएको छ । राष्ट्रसङ्घीय प्रतिवेदनका अनुसार हताहत हुनेमा सरकारविरोधी फौजका कारण ६४ प्रतिशत र सरकारपक्षीय फौजका कारण २५ प्रतिशत मानिस छन्।दोहोरो भिडन्तमा ११ प्रतिशत मानिस परेका छन् ।

अफगान युद्धः २० वर्षमा कति धनजनको क्षति भयो?हताहत हुने कुल मानिसहरूमध्ये ३२ प्रतिसत बालबालिका छन्।दुई पक्षबीच शान्तिवार्ता सुस्त गतिमा अगाडि बढिरहेको बताइएको छ ।

एक विज्ञप्तिमार्फत् अफगानिस्तानका लागि राष्ट्रसङ्घीय विशेष दूत डेब्रोह ल्योन्सले भनेकी छन्, "यो प्रतिवेदनले एउटा स्पष्ट चेतावनी दिँदै बढ्दो हिंसा नरोके यो वर्ष अनपेक्षित सङ्ख्यामा अफगान नागरिकको मृत्यु र अङ्गभङ्ग हुनेछ ।"

**अमेरिकी प्रभाव**

सन् २००१ मा अमेरिका नेतृत्वको हस्तक्षेपले तालिबानलाई सत्ताच्युत गरेको थियो।यो वर्ष राष्ट्रपति जो बाइडनले सेप्टेम्बरसम्म अमेरिकी सेना फिर्ता लैजाने घोषणा गरेका छन् । शनिवार शीर्ष अमेरिकी कमान्डर जेनरल केनेथ म्याकेन्जीले आफ्ना सैनिकले हवाई आक्रमण जारी राख्दै अफगान सेनालाई सघाउने बताएका थिए ।

उनले तालिबान सफल नहुने टिप्पणी गरेका थिए।यद्यपि जेनरल म्याकेन्जीले त्यस्ता आक्रमणहरू अगस्ट ३१ मा अमेरिकी सैन्य अभियान टुङ्गिएपछि जारी हुने वा नहुनेबारे केही भनेनन् ।तालिबानलाई नियन्त्रण गर्न भन्दै अफगानिस्तानमा एक महिना लामो रात्रिकालीन कर्फ्यू लगाइएको छ ।

# बालबालिकामा कोभिडपछि हुन सक्ने 'एमआइएस-सी'



–डा प्रकृति भण्डारी

अहिलेसम्मको तथ्याङ्क अनुसार संसारमा बालबालिकामा अरु उमेरको तुलनामा कोभिड-१९ को संक्रमण कम देखिएको छ। नेपालमा पनि अरु उमेरको तुलनामा बालबालिका कम संक्रमित देखिएका छन् । तर कोरोनाको पहिलो लहरमा भन्दा दोश्रो लहरमा बालबालिका धेरै संक्रमित भएका छन्। पहिलोमा लगभग २ प्रतिशत थिए भने दोश्रोमा बढेर लगभग १० प्रतिशत देखिएको छ। अब तेश्रो लहर अक्टोबर/नोभेम्बर तिर आउने र बढी बालबालिका जोखिममा पर्ने अनुमान गरिएको छ ।

बालबालिकामा कोभिडको लक्षण अरु उमेरकोमा भन्दा हल्का पाइएको छ र कतिमा संक्रमणको कुनै लक्षण नै नदेखिने पनि हुन्छ। तर कोभिडले बालबालिकामा जटील रूप पनि लिन सक्छ र ज्यानसम्म पनि जाने हुन सक्छ। त्यो जटिलता मध्ये 'मल्टिसिस्टम इन्फ्लामेटोरी सिन्ड्रोम' (एमआइएस-सी) एउटा ठूलो जटिलता हो र अहिले नेपालमा पनि यो समस्या बढेको पाइएको छ।

**एमआइएस-सी के हो ?**

'मल्टिसिस्टम इन्फ्लामेटोरी सिन्ड्रोम' (एमआइएस-सी) भनेको बालबालिकाहरुमा हुने एउटा एस्तो अवस्था हो जसमा शरीरको विभिन्न अंगहरु जस्तै मुटु, फोक्सो, मिर्गौला, मस्तिष्क, आँखा, छाला, पेट/आन्द्राहरु सुन्निने हुन्छ। अहिलेसम्म यकिन कारण थाहा भइनसकेको भएपनि यो समस्या कोभिड संक्रमित भएका वा संक्रमित व्यक्तिसँग सम्पर्कमा आएका बालबालिकामा देखिने गरेको छ । सबै उमेरका बच्चामा यो देखिन सक्छ तर विशेषगरी ३ देखि १२ वर्षका र औषतमा ८ वर्षका बच्चामा यो बढी पाइने गरेको छ।

**यो कहिले हुन्छ ?**

कोभिड संक्रमित भएको वा संक्रमित व्यक्तिसँग सम्पर्कमा आएको २ देखि ६ हप्ता भित्रमा हुन्छ। बच्चामा कोभिडको कुनै पनि लक्षण नदेखिकन पनि एमआइएस-सी देखिन सक्छ ।

**यो किन हुन्छ ?**

कोभिड संक्रमित भएको २/३ हप्ता पछि हुन सक्ने प्रतिरोधात्मक शक्ति अनियन्त्रणको कारणले यो हुन्छ ।

यो विरलै देखिए पनि एउटा गम्भीर र ज्यान पनि लिन सक्ने अवस्था हो। तर यदि समयमै यसका लक्षण थाहा पाइयो र समयमै आफ्नो बालरोग विषेशज्ञसँग वा अस्पतालमा सम्पर्क गरियो भने यसको निदान र उपचार समयमै हुन सक्छ। र यो निको पार्न वा यसको जटिलता कम गर्न सकिन्छ ।

**यसका लक्षणहरू के के हुन ?**

**ज्वरो (श्र१००.४ॐ ) सँगसँगै यी अरु लक्षणहरु**

१) आँखा रातो हुनु
२) ओठ र जिभ्रो रातो हुनु
३) घाँटी दुख्नु
४) शरीरमा रातो डाबर आउनु
५) पेट दुख्नु
६) उल्टी वा पखाला हुनु
७) अत्यधिक थकान लाग्नु
८) स्वास फेर्न गाह्रो हुनु
९) टाउको दुख्नु

**यसको निदान कसरी हुन्छ ?**

विश्व स्वास्थ्य संगठन र सेन्टर फर डिजिज कन्ट्रोलले दिएको दुई वटा क्राइटेरिया छन्। कुनै एकको आधारमा बालरोग विषेशज्ञद्वारा लक्षण हेरेर र जाँच गरेर यसको निदान गरिन्छ।

**के के जाँच गरिन्छ?**

१) रगतको जाँच (ESR, CRP, fibrinogen, Procalcitonin, D dimer, Ferritin, LDH, COVID pcr, COVID antibody test इत्यादि)
२) ECHO
३) छातीको एक्स-रे
४) USG abdomen

अवस्था हेरेर अन्य थुप्रै जाँच हरु गर्नु पर्ने हुन सक्छ र यी जाँच हरु अवस्था हेरेर पटक पटक गर्नुपर्ने पनि हुन सक्छ ।

**यसको उपचार कसरी गरिन्छ ?**

अवस्था हेरेर गम्भीर प्रकृतिको भए PICU मा अथवा गम्भीरता कम भए वार्डमा राखेर उपचार गरिन्छ। समयमै उपचार जरुरी हुन्छ । IVIG, steroids र supportive उपचारहरु गरिन्छ ।

बालबालिकालाई कोभिड संक्रमणबाट जोगाउन अपनाउनु पर्ने विधि अपनाएर कोभिड संक्रमण हुन नै नदिनु नै MISC बाट बच्ने सर्वप्रथम उपाय हो । तर समयमै उपचार भए निको पार्न र जटिलता कम गर्न सकिने भएको हुँदा एमआइएस-सी को जस्तो लक्षणहरु देखिने बितिकै बालरोग विषेशज्ञसँग वा अस्पतालमा सल्लाह लिन जरुरी छ ।

*(डा भण्डारी नवजात शिशु तथा बालरोग विषेशज्ञ हुन् ) सौजन्य :स्वास्थ्य खबर*

# राष्ट्रपति नियमित स्वास्थ्य परीक्षणका लागि अस्पताल

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारी नियमित स्वास्थ्य परीक्षणका लागि महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पताल जानुभएको छ।

मंगलबार बिहान अस्पताल पुगी उहाँले नियमित स्वास्थ्य उपचार गर्नुभएको उहाँका सञ्चारविज्ञ टीका ढकालले जानकारी दिनुभयो। "उहाँ नियमित स्वास्थ्य परीक्षण गर्न अस्पताल जानुभएको हो", ढकालले भन्नुभयो, "राष्ट्रपतिज्यूमा कुनै समस्या नभई नियमित जाँच मात्र गराउनु भएको हो ।" राष्ट्रपति भण्डारी उपचारका लागि अस्पतालमा करीब ४० मिनेट रहनुभएको थियो ।रासस

# प्रधानमन्त्री देउवा र अध्यक्ष दाहालबीच भेटवार्ता



काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच भेटवार्ता भएको छ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा मंगलबार बिहान ९ बजे भएको भेटवार्तामा मन्त्रिपरिषद् विस्तार र समसामयिक विषयमा छलफल भएको प्रधानमन्त्री देउवाका स्वकीय सचिव भानु देउवाले राससलाई जानकारी दिनुभयो।

कांग्रेस सभापति देउवा असार २९ गते प्रधानमन्त्रीमा नियुक्त भएसँगै कांग्रेस र माओवादी केन्द्रका तर्फबाट दुई/दुईजना मन्त्री बन्नुभएको थियो । यस्तै, प्रधानमन्त्री देउवाले आइतबार एकजना राज्यमन्त्री थप गर्नुभएको छ। प्रधानमन्त्री देउवाले साउन ३ गतेको प्रतिनिधिसभा बैठकमा विश्वासको मत लिए पनि सबै दललाई मिलाएर अगाडि बढ्नुपर्ने भएकाले मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएको हो । रासस

# 'अघिल्लो सरकारले शुरु गरेका कार्यक्रममा प्रतिशोध नहोस्'

काठमाण्डु । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले कोभिड-१९ सङ्क्रमण रोकथामका लागि खोप प्रभावकारी रूपमा अघि बढाउन, बाढीपहिरो पीडितलाई राहत र सुरक्षित बसोबासको व्यवस्था गर्न तथा अघिल्लो सरकारले शुरु गरेको विकास निर्माणलाई बिना प्रतिशोध अघि बढाउन माग गरेको छ।

प्रतिनिधिसभाको मंगलबारको विशेष समयमा भाग लिँदै नेकपा एमालेका पदम गिरीले देश कोराना कहरले आक्रान्त र उद्योगधन्दा अस्तव्यस्त रहेको जनाउँदै खोप व्यवस्थित ढङ्गले अघि बढाउन सुझाव दिनुभयो।

उहाँले भन्नुभयो, "छिमेकीका घरमा आश्रय लिइरहेका बाढीपहिरो पीडितलाई राहत र पुनर्वासका कार्यक्रम ल्याउनुस्, सुकुम्बासीलाई निराश बनाउने काम नहोस्, सरकारले प्रतिशोधको भावनाले अघिल्लो सरकारले शुरु गरेका विकास र समृद्धिका कार्यक्रमलाई प्रभावित नतुल्याइयोस् ।

नेपाली कांग्रेसका दिव्यमणि राजभण्डारीले लामो समयदेखि रिक्त रहेको उपसभामुखको चयन यथाशीघ्र गर्न र पुनर्स्थापित संसद् र सांसदलाई क्रियाशील बनाउन सुझाव दिनुभयो। उहाँले भन्नुभयो, "कोभिड-१९ सङ्क्रमण रोकथामका लागि प्रभावकारीरूपमा कार्यक्रम अघि बढाउन सर्वदलीय समिति बनाइसोस्, मन्त्रिमण्डलले छिटो पूर्णता पाओस्, सरकारबाट जनहितका पक्षमा निर्णय होस् ।"

नेकपा (माओवादी केन्द्र) का यशोदा सुवेदीले यस वर्षको बाढीपहिराबाट ठूलो जनधनको क्षति भएको मनाङ जिल्लामा विपद्पछिको पुनर्निर्माण र राहतका कार्यक्रम योजनाबद्ध रूपमा अघि बढाउन सुझाव दिनुभयो। उहाँले भन्नुभयो, "बाढीपहिराबाट अस्तव्यस्त रहेका जिल्लाका सडक, विद्युत्, अस्पताल तथा निजी र सरकारी पूर्वाधार निर्माण कार्य तत्काल र दीर्घकालीन योजनासहित अघि बढाइयोस् ।"

जनता समाजवादी पार्टी नेपालका प्रमोद साहले नागरिकतासम्बन्धी विधेयक सदनबाट समयमा पारित नहुँदा धेरै जनताले असहजस्थिति बेहोर्नु परेकाले राजनीतिक दलबीच सहमति कायम गरी यथाशीघ्र यस विषयलाई अघि बढाउन माग गर्नुभयो। उहाँले भन्नुभयो, "तीन वर्षअघि निर्वाचन जितेर सदनमा आएलगत्तै उठाइएको नागरिकता विधेयकले मंगलबारका दिनसम्म पूर्णता नपाउँदा धेरै नागरिक समस्यामा परेको छ, छिटो यो विषय सुल्झाइयोस् ।"

नेपाल मजदूर किसान पार्टी प्रेम सुवालले सरकारले समयमै आवश्यक चासो र चिन्ता नलिएका कारण पहिलो खोप लगाएका कैयौं नागरिक दोस्रो खोप नपाएर शून्य हुने अवस्थामा पुगेको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, "कोरोना बीमा बापतको रकम अग्रमोर्चामा रही काम गरिरहेका चिकित्सकले नै समयमा पाउन नसकेको अवस्था छ, दूरदराजका अस्पतालमा औषधि र उपकरण पुगे पनि आवश्यक जनशक्ति उपलब्ध नभएका कारण सेवा प्रभावकारी हुन सकेको छैन। रासस

## निर्वाचन आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत

काठमा। प्रतिनिधिसभामा निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०७६/७७ पेश गरिएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले आयोगको वार्षिक प्रतिवेदन सदनसमक्ष प्रस्तुत गर्नुभएको हो।

सरकारले संवैधानिक आयोगका वार्षिक प्रतिवेदन सदनसमक्ष प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

**शोक प्रस्ताव पारित**

सभाले पूर्वप्रतिनिधिसभा सदस्य विष्णुबहादुर तामाङको निधनमा शोक प्रस्ताव पारित गरेको छ।

उहाँको निधनप्रति सभामा एक मिनेट मौनधारणसहित शोक प्रकट गरी श्रद्धाञ्जलि अर्पण गरियो। बैठकले शोकसन्तप्त परिवारप्रति समवेदना पनि प्रकट गर्‍यो ।

आमनिर्वाचन २०४८ सालमा तत्कालीन जनमोर्चाका तर्फबाट सिरहा क्षेत्र नं ५ बाट निर्वाचित ७५ वर्षीय तामाङको गत जेठ २० गते उपचारका क्रममा निधन भएको थियो।

यसअघि बैठकमा स्वास्थ्य राज्यमन्त्रीमा उमेश श्रेष्ठको नियुक्तिसम्बन्धी राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र सभामुखले पढेर सुनाउनुभयो।

प्रतिनिधिसभाको अर्को बैठक यही साउन १५ गते शुक्रबार दिनको १ बजे बस्नेछ ।रासस

## कांग्रेसको १४औं महाधिवेशन

# आठ लाख ५२ हजारलाई क्रियाशील सदस्यता

काठमाण्डु। नेपाली कांग्रेसले देशभरका आठ लाख ५२ हजार ७११ जनालाई क्रियाशील सदस्यता प्रदान गरेको छ।

कांग्रेसको क्रियाशील सदस्यता छानविन समितिले पार्टीको १४ औं महाधिवेशन प्रयोजनका लागि देशभरबाट आठ लाख ५२ हजार ७११ जनालाई क्रियाशिल सदस्यता प्रदान गरेको हो । क्रियाशील सदस्यता छानबिन समितिका संयोजक रमेश लेखकले मंगलबार पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवालाई आज बुझाएको प्रतिवेदनमा चार लाख ४३ हजार ६७८ नयाँ र चार लाख नौ हजार ३३ ले नवीकरण गरेका हुन् । जसमध्ये पुरुष ६ लाख ५३ हजार ४३८, महिला एक लाख ९९ हजार ९७ र अन्य १७६ जना रहेका छन्।

कांग्रेसको क्रियाशील सदस्यमध्ये प्रदेश १ मा एक लाख ७४ हजार ७८२, प्रदेश २ मा एक लाख १२ हजार ९४६, वाग्मती प्रदेशमा एक लाख ८६ हजार १४३, गण्डकी प्रदेशमा एक लाख १८ हजार ६३३ रहेका छन्। यस्तै, लुम्बिनी प्रदेशमा एक लाख ३० हजार ८८५, कर्णाली प्रदेशमा ५४ हजार ५६६ र सुदूरपश्चिम प्रदेशमा ७४ हजार ७५६ रहेका छन्।

क्रियाशील सदस्यता छानबिन समितिले बुझाएको प्रतिवेदनअनुसार कांग्रेस क्रियाशील सदस्यमा १६ देखि २५ वर्ष उमेर समूहका ४० हजार ४२७, २६ देखि ४० वर्ष उमेर समूहका दुई लाख ४९ हजार ७७४, ४१ देखि ६० वर्ष उमेर समूहका तीन लाख २८ हजार २३४, ६१ देखि ७५ वर्ष उमेर समूहका ८३ हजार १० र ७५ वर्षभन्दा बढी उमेर समूहका ११ हजार ७७२ जना रहेका छन्।



क्रियाशील सदस्यता छानबिन समितिमा ४६ खाले उजूरी तथा गुनासो प्राप्त भएको थियो। नवीकरणतर्फ ७७ वटै जिल्लाको क्रियाशील सदस्यता टुङ्गो लगाएको समितिले नयाँ क्रियाशील सदस्यता नामावलीलाई आगामी १४औं महाधिवेशनका लागि स्थगन गरी उक्त महाधिवेशनपछि प्रक्रिया पुऱ्याएर कायम गर्ने प्रतिवेदनमा उल्लेख छ।

कांग्रेसले पार्टीका केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा प्रदीप पौडेल, आनन्द ढुङ्गाना, जीवन परियार, श्यामकुमार घिमिरे, कल्याणकुमार गुरुङ र योगेन्द्र चौधरी सदस्य रहेको छानबिन समिति गठन गरेको थियो।

क्रियाशील सदस्यता नामावली टुङ्गिएसँगै अब पार्टीको १४औं महाधिवेशनको प्रक्रियासमेत शुरु हुने भएको छ । शनिबार पार्टी सभापति एवं प्रधानमन्त्री देउवाको निजी निवास बूढानीलकण्ठमा बसेको पदाधिकारी एवं पूर्वपदाधिकारीको बैठकले क्रियाशील सदस्यता छानबिनको काम नसकिएको भन्दै साउन १२ गते अर्थात् (आजदेखि) शुरु हुने पार्टीको तल्लो तहको अधिवेशन स्थगित गर्ने निर्णय गरेको थियो। सो बैठकले पार्टीको केन्द्रीय महाधिवेशन भदौ १६ देखि १९ का बारेमा भने केही निर्णय गरेको थिएन।

पार्टीको मंगलबार पनि पदाधिकारी एवं पूर्वपदाधिकारीको बैठक सभापति देउवाको निजी निवासमा बसिरहेको छ । मंगलबारको बैठकले क्रियाशील सदस्यता छानबिन समितिले दिएको प्रतिवेदन अध्ययन गरी महाधिवेशनको नयाँ मिति टुङ्गो लगाउनेबारे छलफल हुनेछ।

**क्रियाशील सदस्यताका कारण अधिवेशन कार्यतालिका प्रभावित**

क्रियाशील सदस्यताको सम्पूर्ण काम समयमै सम्पन्न भएको कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत मंगलबार अर्थात् साउन १२ गते गाउँ/नगर वडा अधिवेशन हुने थियो । तर समयमै क्रियाशील सदस्यता वडास्तरमा नपुगेका कारण पार्टी पदाधिकारी बैठकले यसअघि नै वडा अधिवेशन स्थगित गरिसकेको छ।

कांग्रेसले क्रियाशील सदस्यताको सूचीमा केन्द्रीय सभापतिबाट हस्ताक्षर भई केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि गत असार ३० गतेभित्र तोकेको थियो। केही जिल्ला र क्षेत्रको विवादका कारण उक्त प्रतिवेदन मंगलबार १२ दिन ढिला बुझाइएको छ।

कांग्रेसको गत असार ४ गते सम्पन्न केन्द्रीय कार्यसमितिले बैठकले पार्टीको १४औं महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौंमा गर्ने संशोधित कार्यतालिका पारित गरेको थियो । संशोधित कार्यतालिकाअनुसार गाउँ/नगर वडा अधिवेशन यही साउन १२, गाउँ/नगरपालिका अधिवेशन साउन १६, प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन २० गते तोकिएको थियो।

यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ र प्रदेश अधिवेशन भदौ १ र २ गते निर्धारण गरिएको छ ।रासस

# दुई कानून संशोधन गर्न कानून समितिको निर्देशन

काठमाण्डु। संसद्को कानून, न्याय तथा मानवअधिकार समितिले मुलुकी अपराधसंहिता, २०७४ को गर्भ संरक्षण विरुद्धको कसुर परिच्छेद खारेज गर्न निर्देशन दिएको छ।

समितिमा सोमबार भएको छलफलका क्रममा सभापति कृष्णभक्त पोखरेलले संहिताको सो परिच्छेद सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को परिभाषा, परिच्छेद ४ र कसूर र सजाय परिच्छेदमा संशोधन गर्न स्वास्थ्य तथा जनसङ्ख्या र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई निर्देशन दिनुभएको हो।

बैठकमा सांसद लक्ष्मणलाल कर्ण, शेरबहादुर तामाङ, मीनबहादुर विश्वकर्मा, स्वास्थ्य सचिव डा रोशन पोखरेललगायतले बाझिएको कानून संशोधन गरिनुपर्नेमा जोड दिनुभएको थियो । बैठकमा महिला, कानून र विकास मञ्चका तर्फबाट दुबै कानूनका बारेमा प्रस्तुति गर्नुहुँदै कार्यकारी निर्देशक सविन श्रेष्ठले कानून बाझिँदा भएका समस्याका बारेमा सांसद एवं समितिलाई जानकारी गराउनुभएको थियो ।रासस

# प्रतिनिधिसभा : कोभिड-१९ खोपदेखि नागरिकतासम्मका विषयमा ध्यानाकर्षण

काठमाण्डु। प्रतिनिधिसभामा कोभिड-१९ सङ्क्रमण प्रतिकार्यका लागि आइसोलेशन र अस्पतालको क्षमता बढाउन, जनताका अत्यावश्यक समस्या सम्बोधन गर्न र नागरिकता विधेयक पारित गर्ने वातावरण बनाउन माग गरिएको छ।



प्रतिनिधिसभाको मंगलबारको शून्य समयमा भाग लिँदै सांसद अन्जना विशङ्खेले कोभिड-१९ सङ्क्रमणको तेस्रो लहरलाई अझ बढी सङ्क्रमणको जोखिम आङ्कलन गरिएकाले स्वास्थ्य पूर्वाधार र उपचारका क्षेत्रमा सोही अनुसारको व्यवस्थापन तयारी गर्न माग गर्नुभयो । उहाँले कोरोना विरुद्धको खोप, अक्सिजन, आइसोलेशन केन्द्रलाई समयमै व्यवस्थित तुल्याउन सुझाव दिनुभयो।

नेपाली कांग्रेसका अतहर कमाल मुसलमानले संविधान निर्माणका समयमा राजनीतिक स्थिरताका लागि सदनलाई पूर्णअवधि पुनः सञ्चालन हुन दिने सहमति विपरीत प्रतिनिधिसभा भङ्ग किन गरियो भनी प्रश्न गर्दै समाजमा देखिएका बेथितिलाई अन्य गर्दै जनताले उठाएका जल्दाबल्दा मुद्दालाई सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद आशा विकले कोरोनाका कारण शिक्षाको विकासका साथै बालमस्तिष्कमा परेको प्रभावबारे समयमै सचेत रही आगामी कार्ययोजना बनाउन आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो। सांसद इन्दुकुमारी शर्माले नागरिकता विधेयक समयमा पारित नहुँदा धेरै नेपाली नागरिकले झमेला झेल्नु परेको घटना सुनाउँदै छिटो निष्कर्षमा पुऱ्याउन सुझाव दिनुभयो।

नेपाली कांग्रेसका उमा रेग्मीले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमातहत स-सना योजनामा लथालिङ्ग अवस्थामा रहेकाले त्यसलाई जिम्मेवारीका साथ पूर्णता दिने सम्बन्धमा सरकारले चासो लियोस् भन्नुभयो । नेकपा एमालेका कृष्णप्रसाद दाहालले वर्तमान सरकारले सुकुम्बासी समस्या सम्बोधन गर्नुको साटो आयोग नै किन खारेज गर्नुपर्‍यो भनी प्रश्न गर्नुभयो।

सोही दलका कृष्णबहादुर राईले गुह्येश्वरी-वाग्मती कोरिडोर खाल्डाखुल्डीका कारण अस्तव्यवस्त रहेकाले सुधारका लागि पहल होस् भन्नुभयो। एमालेकै कृष्णभक्त पोखरेलले लगातरको वर्षाका कारण आएको बाढीबाट चितवनमा ठूलो भौतिक क्षति भएकोबारे जानकारी गराउँदै पहिरो जोखिम बस्तीलाई स्थानान्तरणका लागि एकीकरण बस्तीको कार्यक्रम अघि बढाइयोस् भन्नुभयो।

सोही दलका खेमप्रसाद लोहनी कोभिड-१९ खोपको व्यवस्थापन र वितरणमा सरकार कमजोर देखिएकाले तत्काल कमजोर सुधार्न सरकारलाई सुझाव दिनुभयो । नेपाली कांग्रेसका गगनकुमार थापाले संसद्लाई हेप्ने र अदालतलाई अपमान गर्ने छुट विगतको जस्तो अब नयाँ सरकारलाई नरहेको जनाउँदै सदनले गुमेको अधिकारलाई फिर्ता ल्याउन सफल भएको भनी प्रशंसा गर्नुभयो।

नेकपा एमालेका गजेन्द्र महतले प्राप्त अवसर र समयको सदुपयोग गरी जनता र देशहितका पक्षमा काम गर्न सरकारलाई सुझाव दिनुभयो । सांसद गोपालबहादुर वमले विकास र समृद्धिका आधारका रूपमा रहेको सडक र विद्युत्का कार्यक्रमलाई तीव्रगतिमा गाउँगाउँसम्म विस्तार गर्ने कार्यक्रम बनाउन माग गर्नुभयो। रासस

# विद्युतीय ऊर्जामा गरीबको पहुँच सुनिश्चित गरिनुपर्ने

काठमाण्डु। विद्युतीय ऊर्जामा गरीब तथा विपन्न र सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्न सरोकार विज्ञले माग गरेका छन्।

नेपाल इनर्जी फाउन्डेशनले 'ऊर्जामा गरीबको पहुँच अभिवृद्धि' विषयमा मंगलबार आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका वक्ताले आधारभूत ऊर्जाको पहुँचको सुनिश्चितताले मात्रै आर्थिक, सामाजिक समृद्धिको ढोका खुल्ने बताउनुभयो । साथै उनीहरूले गरीबको सही पहिचान हुन नसक्दा ऊर्जामा न्यायको पहुँच सुनिश्चितताामा कठिनाइ उत्पन्न भएको धारणा राखे।



फाउन्डेशनका कार्यकारी निर्देशक डिल्ली घिमिरेले गरीब तथा विपन्न समुदायलाई सहुलियतपूर्ण वा निःशुल्क ऊर्जाको सुनिश्चितता गर्न सरोकारवाला निकायको ध्यानाकर्षण गराउनुभयो। उहाँले आर्थिक, सामाजिक र भौतिक रूपमा ऊर्जाको पहुँच कसरी पुऱ्याउने भन्ने चिन्ताको विषय हो भन्दै वास्तविक गरीब तथा विपन्न वर्गलाई ऊर्जाको पहुँच अभिवृद्धि गरिनुपर्ने धारणा राख्नुभयो।

आर्थिक सर्वेक्षण २०७७/७८ का अनुसार नेपालमा राष्ट्रिय प्रसारण लाइन र नवीकरणीय ऊर्जाबाट विद्युत्मा पहुँच पुगेको जनसङ्ख्या ९३ र सङ्ख्या सात प्रतिशत रहेको छ। दिगो विकास लक्ष्यअनुरुप सन् २०३० मा विद्युत्मा पहुँच भएको जनसङ्ख्या अनुपात ९९ प्रतिशत रहने जनाइएको छ । मुलुकमा करीब १८ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेको बताइएको छ।

ऊर्जा विषयका जानकार स्वस्ति अर्यालले नेपालको ऊर्जा अवस्थाबारे प्रस्तुतीकरण गर्दै दिगो ऊर्जाका लागि आर्थिक, सामाजिक न्यायमा पहुँचको सुनिश्चितता हुनुपर्ने बताउनुभयो। उहाँले अहिले पनि मुलुकमा ६८ प्रतिशतभन्दा बढी घरधुरीले परम्परागत ऊर्जाको खपत गरिरहेको सन्दर्भमा गरीब र विपन्न समुदायलाई कसरी ऊर्जाको पहुँचमा ल्याउने भन्ने चिन्ताको विषय भएको बताउनुभयो।

अधिवक्ता डिल्लीराज खनालले गरीब पहिचानमा कठिनाइ भएकाले उनीहरूका नाममा अन्य पहुँचवालाले लाभ लिइरहेको भन्दै वास्तविक गरीबले सेवा लिनेगरी ऊर्जा वितरण न्यायोचित हुनुपर्नेमा जोड दिनुभयो। उहाँले गरीब मैत्री ऊर्जा ऐन बने पनि व्यावहारिक कार्यान्वयन नहुँदा समस्या उत्पन्न भएको बताउनुभयो । ऊर्जा विषयमा लामो समयदेखि कलम चलाउँदै आउनुभएका राष्ट्रिय समाचार समिति (रासस) का प्रमुख समाचारदाता कृष्ण अधिकारीले विद्युतीय ऊर्जामा गरीब तथा विपन्नको पहुँच बढाउन राज्यले आवश्यक नीति कार्यक्रम ल्याउनुपर्ने खाँचो औंल्याउनुभयो।

आर्थिक पत्रकार समाज (सेजन) का अध्यक्ष भीमप्रसाद गौतमले वास्तविक गरीबको पहिचान गरी उनीहरूलाई निःशुल्क ऊर्जा वितरणको नीति अवलम्बन गरिनुपर्ने खाँचो औंल्याउनुभयो।

कार्यक्रमका सहभागीले ऊर्जाको पहुँचबाट वञ्चित समुदायका घरधुरीमा ऊर्जा सेवा उपलब्ध गराउने कार्यक्रमलाई राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमका रूपमा कार्यान्वयन गर्नुपर्ने सुझाइयो । साथै विद्युत् र नवीकरणीय ऊर्जासम्बन्धी ऐनहरूमा स्थानीय सरकारले पहिचान गरेका गरीब तथा विपन्न र सीमान्तकृत समुदायका घरधुरीले गार्हस्थ्य प्रयोजन (बत्ती र खान पकाउन) का लागि खपत गर्ने आधुनिक ऊर्जामा विद्युत् महसुल छुट वा अनुदान पाउने व्यवस्था गर्नपर्नेलगायत विषयमा सरोकारवाला निकायको ध्यानाकर्षण गराइएको थियो ।रासस


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएकोछ।

| सि.नं. | माल बस्तुको विवरण | साईज | ब्राण्ड | उत्पतिको मुलुक | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|
| १ | Tiles | ३०० × ३०० | Ambani | भारत | व.मी. | ६३० | ६३० |
| २ | Tiles | ३००×४५० | Ambani | भारत | व.मी. | ६३० | ६३० |
| ३ | Tiles | ३००×६०० | Ambani | भारत | व.मी. | ८४५ | ८४५ |
| ४ | Tiles | ६००×६०० | Ambani | भारत | व.मी. | ८३० | ८३० |

Tiles

एक्जीम कोड ६०३३५७१७६०१५०NP

**न्यू धनवती ट्रेडर्स**
जनकपुरधाम-७, नेपाल
फोन नं. ९८५४०२७२७६

# अमेरिकाले इराक मिसनबाट आफ्ना सेना फिर्ता बोलाउने



**सिन्ह्वा**

वासिङ्टन । अमेरिकी राष्ट्रपति जो बाइडेनले यस वर्षको अन्त्यसम्ममा अमेरिकी लडाकू सैनिकलाई इराकबाट फिर्ता बोलाउने बताउनुभएको छ।

उहाँले अमेरिकाको सेनाले थोरै संख्यामा मात्र भए पनि इराकमा बसेर इराकी सेनालाई तालिम र आवश्यक सरसल्लाह भने दिने जानकारी दिनुभएको छ।

इराकी प्रधानमन्त्रीसँगको भेटवार्ताका क्रममा राष्ट्रपति बाइडेनले सो जानकारी गराउनुभएको बताइएको छ।

हाल इराकी प्रधानमन्त्री मुस्ताफा अल-खादिमी अमेरिकाको भ्रमणमा हुनुहुन्छ । प्रधानमन्त्री मुस्ताफासँग ह्वाइट हाउसमा भएको कुराकानीका क्रममा राष्ट्रपति बाइडेनले यस्तो घोषणा गर्नुभएको प्राप्त समाचारमा जनाइएको छ। उहाँहरुबीच सोमबार ह्वाइट हाउसमा भेटवार्ता भएको थियो। इराकमा हाल दुई हजार ५०० भन्दाबढी अमेरिकी सैनिक रहेका छन्।

इराकमा पछिल्लो समयमा इस्लामिक स्टेट नामक आतङ्ककारी समूहको उपस्थिति बढ्दै गएको बताइएको छ।

हाल इराकमा रहेका अमेरिकी सैनिकले इराकी फौजलाई इस्लामिक स्टेट लडाकूका विरुद्ध लड्न सहयोग गरिरहेको बताइएको छ।

अमेरिकाको यो घोषणापछि पनि केही अमेरिकी सैनिक भने इराकमै रहने बताइएको छ। यो घोषणाको इराकले भने स्वागत गरेको छ।

अमेरिकाले इराकी प्रधानमन्त्रीलाई सहयोगका लागि यो घोषणा गरेको हुनसक्ने अनुमान गरिएको बताइएको छ।

इराकी प्रधानमन्त्री खादिमीले इराकमा कुनै पनि विदेशी सेना आवश्यक नरहेको बताउनुभयो।

उहाँले अमेरिकाको सो घोषणाको समर्थन गर्दै भन्नुभएको छ, हामीलाई अमेरिकाको सैन्य सहयोग त आवश्यक छ, तर पनि इराकमै आएर सैनिक परिचालन नभएर इराकलाई सुरक्षा सामग्री र तालिमका विषयमा सहयोग दिँदा राम्रो हुनेछ।

गत वर्ष इराकको राजधानी बग्दादमा अमेरिकी सेनाले ड्रोन हमला गर्दा एकजना उच्च इरानी सैन्य जनरल कासिम सुलेमानी र इरानको समर्थन पाएको शिया मुस्लिम मिलिसिया समूहका एक जना नेता मारिएका थिए।

त्यसयता इराकमा अमेरिकी सेनाको झन् ठूलो विरोध भएको थियो। यहाँका राजनीतिक दलले अमेरिकी नेतृत्वमा आइएसविरुद्ध लड्ने अन्तरराष्ट्रिय फौज हट्नुपर्ने माग गरिरहेका छन्।

# महासचिव र विदेशमन्त्रीबीच कुराकानी

**सिन्ह्वा**

कायरो । अरब लिगका महासचिव र ट्यूनिसियाका विदेशमन्त्रीबीच सोमबार फोन वार्ता भएको बताइएको छ । उहाँहरुबीच हालैमात्र ट्यूनिसियामा भएको राजनीतिक घटनाक्रमका बारेमा कुराकानी भएको थियो।

महासचिव अहमद अबोल गइद र ट्यूनिसियाका विदेशमन्त्री ओथमान जेरान्दीबीच ट्यूनिसियामा विकसित भएको पछिल्लो राजनीतिक विषयवस्तुका बारेमा कुराकानी भएको बताइएको छ। ट्यूनिसियामा गत आइतबार राति त्यहाँको संसद् निलम्बन भएको छ भने यहाँका राष्ट्रपतिले प्रधानमन्त्रीलाई बर्खास्त गर्नुभएको छ।

त्यसपछि ट्यूनिसियामा विकसित भएको राजनीतिका विकासक्रमका बारेमा उहाँहरुबीच फोनमा कुराकानी भएको सो समाचारमा जनाइएको छ। हाल त्यहाँका कार्यकारिणी अधिकार राष्ट्रपतिले लिनुभएको छ भने नयाँ प्रधनानमन्त्री नियुक्त पनि गर्नुभएको छैन।

यहाँ केही दिनयतादेखि सरकारका विरुद्धमा आन्दोलन चर्किएको थियो र त्यसपछि राष्ट्रपतिले प्रधानमन्त्रीलाई बर्खास्त गर्नुभएको हो । यसै विषयमा उहाँहरुबीच कुराकानी भएको बताइएको छ।

# चिनियाँ नेतृत्वविरुद्ध 'बद्नाम' नगर्न अमेरिकालाई आग्रह

**सिन्ह्वा**

बेइजिङ । अमेरिकामा जो बाइडन राष्ट्रपति निर्वाचित बनेपछि उहाँको सरकारका एक वरिष्ठप्रतिनिधिसँगको उच्चस्तरीय वार्तामा बेइजिङले अमेरिकालाई चिनियाँ नेतृत्वको 'बद्नाम' गर्ने काम रोक्न आग्रह गरेको छ।

चीनका उपविदेशमन्त्री शी फङले अमेरिकाले चीनलाई 'कल्पित शत्रु' का रूपमा हेरेको हुनाले दुई देशबीचको सम्बन्धमा 'तिक्तता' बढेको बताउनुभएको हो।

अमेरिकी उपविदेशमन्त्री वेन्डी शर्मनसँगको वार्तामा चिनियाँ नेताले उक्त कुरा बताउनुभएको हो । उहाँ नयाँ सरकार गठनपछिको धेरै महिनापछि चीन भ्रमण गर्ने वरिष्ठ अमेरिकी अधिकारी हुनुहुन्छ । बाइडनले चीनप्रति विशेषतः मानवाधिकार र प्रतिबन्धजस्ता विषयमा कडा नीति अवलम्बन गरेका छन्।

चीनको विदेश मन्त्रालयले प्रकाशित गरेको विज्ञप्तिका अनुसार शीले अमेरिकाले 'आफ्नै संरचनागत समस्याका लागि पनि चीनलाई दोष दिने गरेको' दावी गर्नुभयो।

सोमवार सम्पन्न हुने दुईदिने भ्रमणका क्रममा शर्मनले दुवै दिन चीनको उत्तरपूर्वमा रहेको तियानजिन सहरमा विताउनुभएको छ।

# तालिबानको आक्रमण विफल, २८ आतङ्ककारी मारिए



**सिन्ह्वा**

तालुकान । अफगानिस्तानको उत्तरी प्रान्त तखारको प्रान्तीय राजधानी तालुकान शहरमा तालिबान लडाकूले गरेको आक्रमण विफल भएको छ। ती लडाकू सो शहर कब्जाको लागि आक्रमण गरिरहेका जनाइएको छ।

सो आक्रमणको क्रममा २८ जना आतङ्ककारी मारिएका सरकारी स्रोतले मङ्गलबार जानकारी दिएको छ । सेनाको प्रवक्ता अब्दुलहादी नाजारीका अनुसार तालिबान आतङ्ककारीले तालुकान शहरलाई बिभिन्न दिशाबाट आक्रमण गर्ने योजना बनाइरहेका थिए, तर लडाकू विमानको सहायतामा सेनाले गरेको कारबाहीको क्रममा २८ तालिबान लडाकू मारिएका छन्।

यस कारबाहीको विषयमा तालिबान लडाकू कुनै टिप्पणी गरेका छैनन् । तालिबान लडाकू समूहले तखार प्रान्तका १६ ओटा जिल्लाका केन्द्र नियन्त्रणमा लिएको र विगत एक महिनादेखि राजधानी काबुलबाट २४५ किलोमिटर उत्तरमा रहेको प्रान्तीय राजधानी तालुकान शहर कब्जा गर्न आक्रमण गरिरहेका जनाइएको छ । यसैबीच, तखारका बासिन्दाले गत एक सातादेखि अफगानिस्तानको राजधानी काबुलमा धरना दिएका बताइएको छ। केन्द्र सरकारलाई तखारमा थप सेना पठाउन आग्रह गरेका छन् । अन्यथा प्रान्तीय राजधानीसहितको प्रान्त तालिबानले लिने उनीहरुको भनाइ रहेको छ।

# भारतमा १३२ दिनपछि संक्रमितको संख्या ३० हजार भन्दा कम



**एएनआई**

नयाँ दिल्ली । भारतमा पछिल्लो २४ घण्टामा थप २९ हजार ६८९ जनामा कोरोना सङ्क्रमण भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलबार जनाएको छ । यहाँ १३२ दिनपछि थप कोरोना सङ्क्रमितको संख्या ३० हजारभन्दा कम भएको पनि सो मन्त्रालयले जानकारी दिएको छ।

हाल भारतमा तीन लाख ९८ हजार १०० जना सक्रिय सङ्क्रमित रहेका समाचारमा जनाइएको छ। गत २४ घण्टाको अवधीमा भारतमा कोरोना सङ्क्रमणको कारण ४१६ जनाको मृत्यु भएको छ । यसैसँगै यहाँ कोरोना शुरुभएदेखि हालसम्म कोरोनाबाट मृत्यु हुने व्यक्तिको संख्या चार लाख २१ हजार ३८२ पुगेको पनि स्वास्थ्य मन्त्रालयले मङ्गलबार जनाएको छ।

गत २४ घण्टामा यहाँ ४२ हजार ३६३ जना व्यक्ति कोरोना मुक्त भएपछि कुल तीन करोड छ लाख २१ हजार ४६९ व्यक्ति कोरोना भाइरस मुक्त भएका छन्। सङ्क्रमणमुक्त भएकाको यो सङ्ख्या ९७.३९ प्रतिशत हो।

अधिकारीका अनुसार भारतमा अहिलेसम्म ४४ करोड १९ लाखभन्दा बढी डोज खोप कोरोनाभाइरसविरुद्ध लगाइएको छ। त्यसैगरी देशभरी अहिलेसम्म ४५ करोड ९१ लाख व्यक्तिको कोभिड-१९ परीक्षण गरिएको पनि स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# नाइजेरियामा अपहरित २८ विद्यार्थी मुक्त

**सिन्ह्वा**

अबुजा। नाइजेरियाको उत्तरपश्चिमी राज्य कादुनामा रहेको माध्यमिक विद्यालयबाट बन्दुकधारीले अपहरण गरेका २८ विद्यार्थी मुक्त भएका यहाँका प्रहरी स्रोतले आइतबार पुष्टि गरेको छ। विद्यार्थीलाई शनिवार राति मुक्त भएका परिवारको साथ पुनर्मिलनको व्यवस्था भइरहेको कादुना राज्यमा प्रहरी प्रवक्ता मोहम्मद जालिगेले आइतवार बिहान टेलिफोनमार्फत् बताउनुभएको छ।

सामान्यतया, उनीहरूले प्रियजनहरूसँग पुनर्मिलनपछि स्वास्थ्य उपचार गराइने पनि जलिगेले बताउनुभएको छ। गत जुलाई ५ मा कादुनाको बेथेल ब्याप्टिस्ट हाईस्कूलबाट अपहरणकारी विद्यार्थीहरूको ठूलो सङ्ख्यामा अज्ञात बन्दुकधारीले आक्रमण गरेका थिए।

जलिगेले पीडितलाई कसरी मुक्त गरियो वा उनीहरूको रिहाइमा फिरौती पनि सङ्लग्न छ भन्ने बारेमा टिप्पणी गर्न अस्वीकार गर्नु भएको छ।

# ट्यूनिशियामा संसद निलम्बनको समर्थन र विरोध गर्दै प्रदर्शन

**एएफपी**

ट्यूनिस । ट्युनिसियामा राष्ट्रपतिले निर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरी सत्ता आफ्नो हातमा लिएसँगै समर्थन र विरोधमा ठाउँठाउँमा प्रदर्शनहरू भएका छन् । दुई समूहबीच भएका झडपहरूमा सयौं मानिस घाइते भएका बताइएको छ।



राष्ट्रपति काइस साइदले आइतबार प्रधानमन्त्री हिसेम मेशीशीलाई हटाई नयाँ प्रधानमन्त्रीको सहयोगमा नेतृत्व आफुले लिने बताउनुभएको थियो। यहाँको सबैभन्दा ठूलो दल एन्नाहधाले राष्ट्रपतिको कदमलाई 'कू' को सज्ञा दिएको छ।

प्रधानमन्त्री मेशीशीलाई हटाई संसद निलम्बन गरेसँगै उहाँको समर्थनमा हजारौं मानिस सडकमा ओर्लिएका थिए । सोमबार राष्ट्रपतिले चालेको 'अप्रजातान्त्रिक' कदमको विरोधमा एन्नाहधा लगायतका दलले आफ्ना कार्यकर्तालाई राष्ट्रपतिको विरोधमा उत्रिन आह्वान गरेको छन्।

कोभिड-१९ को महामारी नियन्त्रणमा सरकारले अपेक्षाकृत भूमिका खेल्न नसकेको भन्दै ट्यूनिशियाली नागरिकले सुशासनका लागि आन्दोलन गर्दै आएका थिए। पछिल्ला दिनहरूमा प्रदर्शनकारी र प्रहरीबीच झडपहरू भएपछि राष्ट्रपतिले संसद् निलम्बन गर्नुभएको हो।

"ट्यूनिशियामा सामाजिक शान्ति पुनर्बहाल नभएसम्म र हामी राष्ट्रलाई सुरक्षित नतुल्याएसम्मका लागि राजनीतिक नेतृत्व नयाँ प्रधानमन्त्रीको सहयोगमा हामीमा निहीत रहनेछ," साईदले टेलिभिजनमार्फत् गरेको सम्बोधनका क्रममा भन्नुभयो। राष्ट्रपति कार्यालयमा आपत्कालीन सुरक्षा बैठक गरेपछि टेलिभिजनमार्फत् देशबासीका नाममा सम्बोधन गर्नुभएको हो। घोषणासँगै ट्यूनिससहित अन्य थुप्रै सहरमा झडपहरू भएका छन् । त्यस क्रममा प्रहरीले अश्रुग्यास प्रहार गर्नुका साथै थुप्रै प्रदर्शनकारीलाई गिरफ्तार गरेको छ । राष्ट्रपति साईदले थप हिंसाहरू भए त्यसलाई नियन्त्रणमा लिन सेनाको प्रयोग गरिने चेतावनी दिनुभएको छ। "म चेतावनी दिन चाहन्छु कि जोसुकैले पनि यदि अस्त्र उठाउनेबारे साचेमा र जोसुकैले पनि गोली चलाउँछ भने सशस्त्र फौजहरूले गोलीको जबाफ गोलीमार्फत् दिनेछन्," उहाँले भन्नुभयो।

संसद्माथि 'सम्भावित खतरा' छ भने त्यसलाई निलम्बन गर्ने अधिकार संविधानले आफूलाई प्रदान गरेको राष्ट्रपतिको दाबी छ। तर निलम्बनमा परेको संसद्का सभामुख राशिद गनुशीले ट्यूनिशियाको 'क्रान्ति र संविधानमाथि कू गरिएको' प्रतिक्रिया दिनुभएको छ।

# कोरोनाबाट ४१ लाख ६७ हजारको मृत्यु

**सिन्ह्वा**


बेइजिङ। कोरोना शुरु भएयता हालसम्म विश्वभर यस सङ्क्रमणबाट ज्यान गुमाउनेको संख्या ४१ लाख ६७ हजार नाघेको छ। जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरणअनुसार विश्वभरमा ४१ लाख ६७ हजार ९०२ जनाको मृत्यु भएको छ। विश्वभरी कूल सङ्क्रमितको संख्या १९ करोड ४७ लाख ५१ हजार ४१४ जना रहेका छन। विश्वभर तीन अर्ब ८८ करोड ७९ लाख ७३ हजार ५८४ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

सो विश्वविद्यालयले जुलाई २७ मा प्रकाशित गरेको विवरणअनुसार कोरोनाबाट अत्यन्त प्रभावित बीस देशका सङ्क्रमित र यस सङ्क्रमणबाट ज्यान गुमाएका नागरिकको संख्या यसप्रकार रहेका छन्।

# विश्वभर तीन अर्ब ८८ करोड ५६ लाखलाई खोप लगाइयो

**एएफपी**

बाल्टिमोर। विश्वभर तीन अर्ब ८८ करोड ५६ लाख ३१ हजार २३२ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। कोरोनाविरुद्ध खोप लगाएका दश देशको तथ्याङ्क यस प्रकार रहेका छन्। चीनमा एक अर्व ५५ करोड दुई लाख ६८ हजार डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। भारतमा ४४ करोड १९ लाख १२ हजार ३९५ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।



अमेरिकामा ३४ करोड ११ लाख ६० हजार ९३९ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ । ब्राजिलमा १२ करोड ८० लाख ७२ हजार २४३ डोज कोरोना भाइरसविरुद्ध लगाइएको छ । जर्मनी आठ करोड ९३ लाख ८७ हजार २५७ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

बेलायतमा आठ करोड ४५ लाख ८८ हजार ५३ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ । जापान सात करोड ७७ लाख २६ हजार ९२९ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। फ्रान्समा छ करोड ९८ लाख ८४ हजार ७६७ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ । टर्कीमा छ करोड ७७ लाख ८७ हजार ३३२ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ। इटाली छ करोड ५८ लाख ८७ हजार ९५४ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

# अमेरिकामा कोरोना संक्रमण दर बढ्दो

**एपी**

बासिङ्टन। खोप नलगाएका व्यक्तिहरूमा सङ्क्रमण बढिरहेको भन्ने रिपोर्टपछि अमेरिकाका वरिष्ठ स्वास्थ्य विज्ञ एन्थोनी फाउचीले कोरोना भाइरसका मामिलामा अमेरिका गलत दिशामा गइरहेको बताउनुभएको छ। उहाँले खोप कोभिड-१९ सङ्क्रमण दर रोक्न एउटा उत्तम विकल्प भएको बताउँदै कोरोना भाइरसको खोप लगाइने दर कम भएका क्षेत्रमा 'डेल्टा भेरिअन्ट' बढिरहेको बताउनुभयो।

फाउचीले स्वास्थ्य अधिकारीहरूले स्थितिलाई नियन्त्रणमा लिन खोप लगाएका व्यक्तिका लागि मास्क अनिवार्य गर्ने निर्देशिका परमार्जन गर्नेबारे पनि कुराकानी भइरहेको बताउनुभयो।


## हार्दिक श्रद्धाञ्जली



स्वर्गारोहण मिति : २०७८/०४/१०

**स्व. श्रीमती विष्णु कुमारी देवान श्रेष्ठ**

यस "सिद्धार्थ शिशु सदन" माध्यमिक विद्यालय भानुचौक, जनकपुरधामका पूर्व संस्थापिका तथा ममतामयी मातातुल्य श्रीमति विष्णु कुमारी देवान श्रेष्ठको अल्पायू मै असामयिक निधनको दुःखद खबरले विद्यालय परिवार स्तब्ध भएका छौ। वहाँको मातृत्वमयी आर्शिवाद तथा कारुणिक मायाचिरकाल सम्म मानसपटलमा स्मरण रहनेछन्।

यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

प्राचार्य
तथा
विद्यालय परिवार
**सिद्धार्थ शिशु सदन मा.वि.**
भानुचौक, जनकपुरधाम-०१

# सुरुङमार्ग पुनःनिर्माण हुने



वाग्मती । आजभन्दा १०४ वर्षअघि राणा प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा निर्माण भएको र एशियाकै पहिलो मानिएको सुरुङमार्गको पुनःनिर्माणको जिम्मा माउण्टेन इन्फ्रा कम्पनीले पाएको छ।

वाग्मती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको यातायात पूर्वाधार निर्देशनालयले करीब रु पाँच करोडको अधिकतम् सीमाभित्रमा सुरुङमार्गको निर्माण सम्पन्न गर्नसक्ने ठेकेदार कम्पनीलाई प्रस्ताव प्रस्तुत गर्न आह्वान गरेकोमा उक्त कम्पनीको प्रस्ताव छनोट भएको यातायात पूर्वाधार निर्देशनालयका प्रमुख डा सहदेवबहादुर भण्डारीले जानकारी दिनुभयो।

उहाँका अनुसार सुरुङको पुनःनिर्माणको शिलान्यास यही साउन १४ गते मुख्यमन्त्री डोरमणि पौडेलले गर्नुहुने जनाइएको छ। प्रदेश दुईको बारा र वाग्मती प्रदेशको मकवानपुरलाई जोड्ने चुरियामाई सुरुङमार्ग विसं २०७५ तिर राणा प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा निर्माण भएको हो।

उक्त मार्गबाट विसं २०२० सम्म सवारी आउजाउ हुने गरेको अग्रजहरू बताउछन्। सुरुङ नेपालको पहिलो त थियो नै त्यतिखेर एशियामै सुरुङमार्ग नभएकोले त्यस समय नेपाल आएका भूगोलविद् टोनी हेगनले आफ्नो आत्मकथामा लेखेका छन्।

उनले आफ्नो पुस्तकमा यस सुरुङलाई विश्वको आठौँ आश्चर्यका रूपमा समेत उल्लेख गरेका छन्। स्वीट्जरल्याण्डबाट नेपालको खानीलगायतको भूगर्भिक अवस्थाको अध्ययन गर्न नेपाल आएका टोनी हेगनले आफ्नो पुस्तक 'दी हिमालयन किङ्डम् अफ नेपाल' मा यो सुरुङमार्गले आफूलाई आश्चर्यचकित बनाएको उल्लेख गरेका छन्। यातायात प्रयोजनका लागि निर्माण भएको दक्षिण एशियाकै पहिलो चुरियामाई सुरुङमार्गले ऐतिहासिक महत्व राख्दछ। चुरियामाई सुरुङमार्ग नेपाली सेनाका कर्णेल इञ्जिनीयर डिल्लीजङ थापाको नेतृत्वमा निर्माण गरिएको थियो। विसं १९७४ मा चन्द्रशम्शेरले बनाउन लगाएको यो मार्ग ५०० मिटर लामो थियो। हाल पहिराले एकापट्टीको भाग पुरिएपछि यो मार्गको २८० मिटरमात्र बाँकी रहेको छ। नेपालका पहिलो इञ्जिनीयर थापाले डिजाइन र निर्माण गराएको यो सुरुङमार्ग नजिकै चर्चित शक्तिपीठ चुरियामाईको मन्दिर छ। इञ्जिनीयर थापाले सुरुङ खन्न थालेपछि उनलाई सपनामा देवीले म बसेको ठाउँमा बाटो खनिस त्यसको सट्टामा एउटा मन्दिर बनाएर मलाई स्थापना गर भनेका कारण थापाले मन्दिर बनाएको किंवदन्ती पाइन्छ।रासस

# श्रमिकको ज्याला वृद्धि

काठमाण्डु । यहाँका श्रमिकको ज्यालादरमा पाँच प्रतिशतले वृद्धि भएको छ। जिल्ला प्रशासन कार्यालय काठमाण्डुले सरोकार निकायको समन्वयमा आव २०७८/७९ का लागि यसअघि कायम भएको दरमा पाँच प्रतिशत बढाएर मजदूरको ज्याला निर्धारण गरेको हो। आव २०७७/७८ मा श्रमिकले प्रतिदिन रु ७५० ज्याला पाउँदै आएकामा अब भने रु ७९० प्राप्त गर्नेछन्। यस्तै फोहर/ढल सफा गर्ने कामदारको हकमा रु एक हजार ७० बाट रु एक हजार १२५ ज्याला कायम गरिएको छ।

श्रमिकको न्यूनतम उमेर १६ वर्ष र दैनिक काम गर्ने समय आठ घण्टालाई आधार मानेर आव २०७७/७८ मा कायम गरिएको ज्याला दरमा नेपाल राष्ट्र बैंकको ज्यालादर सूचकाङ्कको मान तथा प्रचलित बजार दरलाई आधार मानेर पाँच प्रतिशत वृद्धि गरी आगामी आर्थिक वर्षका लागि श्रमिकको ज्याला दर निधारण गरिएको जनाइएको छ।

काठमाण्डुका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले सार्वजनिक खरीद नियमावली २०६४ को नियम १४८ अनुसार निर्माण सामग्री ढुवानी तथा उपकरणको भाडा र श्रमिकको ज्याला निर्धारण गरिएको राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार विभिन्न ५४ वटा क्षेत्र तोकेर भाडा तथा ज्याला एवं निर्माण सामग्रीको दर निर्धारण गरिएको हो। नतोकिएको क्षेत्रको दर भने सम्बन्धित विभागको न्यूनतम आधारअनुसार र उक्त आधार नभएको अवस्थामा उत्पादक र आधिकारिक विक्रेताबाट दरभाउ प्राप्त गरी कार्यान्वयन गराइने उल्लेख छ।

प्रजिअ पराजुलीसहित जिल्ला समन्वय समिति, कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय, नेपाल निर्माण व्यवसायी महासङ्घ, उद्योग वाणिज्य महासङ्घ र पूर्वाधार विकास कार्यालयका प्रतिनिधि सहभागी बैठकले सो ज्यालादर निर्धारण गरेको हो। यही साउन १ गतेदेखि नै उक्त दर लागू गरिएको छ। हालको गाउँपालिका र नगरपालिकाको केन्द्र तथा बजारबाट स्थलगत दूरीको आधारमा हुन आउने ढुवानी खर्च भने सम्बन्धित निकायले ढुवानी भाडा थप गर्नसक्ने छ।

पुरातात्विक महत्वका निर्माण कार्यमा विशेष प्रकारको दक्षता र सीप भएका श्रमिकको प्रयोग हुने भएकाले उनीहरूको दैनिक ज्याला दर विभागबाट स्वीकृत गरिए अनुसार कायम गरिएको छ। रासस

# महिन्द्रा मनसुन सर्भिस क्याम्प आयोजना हुँदै




**टुडे समाचारदाता**

जनकपुरधाम । महिन्द्रा फोर व्हीलरको नेपालका लागि एक मात्र अधिकृत बिक्रेता अग्नि समूहको सहायक कम्पनी बालाजु अटोवर्क्स प्रा. लि. ले यही २०७८ साल साउन १४ र १५ गते देशव्यापी रुपमा महिन्द्रा मनसुन सर्भिस क्याम्प आयोजना गर्ने भएको छ।

महिन्द्राका सम्पूर्ण फोर व्हीलर गाडीहरुको ३०-पोईन्ट चेकअपलाई प्राथमिकता दिँदै आयोजना गर्न लागिएको यस सर्भिस क्याम्पमा ग्राहकले आकर्षक उपहारहरु पनि प्राप्त गर्न सक्नेछ। ग्राहकको सेवासुविधालाई मध्यनजर गरिएको यस सर्भिस क्याम्पमा गाडीको ३०-पोईन्ट चेकअप मार्फत सवारीको अवस्था सम्पूर्ण रुपमा उत्कृष्ट रहेको जानकारी समेत पाउने भएको छ।

महिन्द्रा मनसुन सर्भिस क्याम्प यही साउन १४ र १५ गते नेपाल भरका सम्पूर्ण आधिकारिक वर्कशपमा एकैसाथ सञ्चालन गरिँदैछ। यस क्याम्पमा सहभागी भई भरपुर फाईदा लिनका लागि ग्राहकले चाँडै नै महिन्द्राको आधिकारिक सर्भिस सेन्टरमा बुकिङ्ग गर्नु पर्नेछ। साथै, ग्राहकले बुकिङ्गको लागि दिईएका टोल फ्री नम्बरहरु - १६६००१००२०० (नेपाल टेलिकम) र ९८०१५७१२१२ (एनसेल) मा पनि सम्पर्क गर्न सक्ने भएका छन्।

# चितवनमा एक हजार सात सय कृषि उद्योग दर्ता

चितवन । गत आर्थिक वर्षमा जिल्लामा एक हजार ७०२ कृषिजन्य उद्योग दर्ता भएका छन्। घरेलु तथा साना उद्योग कार्यालयमा वर्ष भरमा दुई हजार ३९२ उद्योग दर्ता भएकामा सबैभन्दा बढी कृषिजन्य उद्योग दर्ता भएका हुन्।

कार्यालयका लेखा अधिकृत नारायण लम्सालले कृषिक्षेत्रमा सरकार र वित्तीय संस्थाको समेत प्राथमिकताको क्षेत्र परेकाले कृषिजन्य उद्योगको सङ्ख्या अन्य क्षेत्रको भन्दा बढी भएको जानकारी दिनुभयो। पछिल्ला वर्षमा त्यस्ता उद्योग दर्ता हुने क्रम बढ्दो रहेको उहाँको भनाइ छ।

त्यस्ता उद्योगमा अनुदान र सहुलियत ऋण उपलब्ध हुनाले उद्योग दर्ता हुने क्रम बढेको हो। अन्य व्यवसायभन्दा कृषिजन्य व्यवसाय जोखिम कम हुने र सजिलै गर्न सकिने हुँदा विदेशबाट फर्किएर पनि उद्योग सञ्चालन गर्ने गरेको पाइन्छ। निषेधाज्ञाका कारण विदेश जान रोकिएकाहरूले पनि उद्योग दर्ता गरेका छन्।

उद्योग सङ्घ चितवनका वरिष्ठ उपाध्यक्ष त्रिलोचन कँडेलका अनुसार कृषिका ऋणमा अनुदान र व्यवसायमा पनि सहुलियत पाइने हुँदा धेरैको ध्यान कृषि उद्योगमा गएको हो। उहाँले भन्नुभयो, "कृषि नै गर्दा त राम्रो हो तर कृषिको नाममा अनुदान लिएर अन्य काम गर्ने धेरै छन्।" यस जिल्ला कृषिका लागि राम्रो भएको जनाउँदै अनुदानलाई कृषिमा नै प्रयोग गर्न कँडेलले सुझाव दिनुभयो। कुखुरापालन, पशुपालन, तरकारी खेती जस्ता काम गर्नका लागि कृषिजन्य उद्योग दर्ता हुने गरेका छन्। कुखुरापालनमा चितवन देशकै अग्रणी जिल्ला हो। दूध उत्पादनमा स्थानीय तहमा भरतपुर महानगर पहिलो हो।

त्यसैगरी तरकारी, केरा, मौरीपालन लगायतमा जिल्ला अग्रणी मानिन्छ। जिल्लामा सबैभन्दा कम एउटा मात्र उद्योग ऊर्जामूलक उद्योग दर्ता भएको छ। यसैगरी सेवामूलक २९०, उत्पादनमूलक २४५, पर्यटनमूलक १५८ उद्योग दर्ता छन्। गत आर्थिक वर्षमा जिल्लामा खनिजजन्य , निर्माणमूलक र विज्ञान तथा सूचना प्रविधिजन्य शीर्षकमा भने उद्योग दर्ता भएका छैनन्।

गत आर्थिक वर्षमा दर्ता भएका उद्योगको स्थिर पूँजी रु दुई अर्ब ९६ करोड ९६ लाख ३२ हजार, चालू पूँजी रु दुई अर्ब ६६ करोड २३ लाख ९३ हजार र कूल पूँजी रु पाँच अर्ब ६३ करोड २० लाख २५ हजार कार्यालयले जनाएको छ। ती उद्योगको वार्षिक उत्पादन क्षमता रु १६ अर्ब १३ करोड ३६ लाख बराबर छ।

# धार्मिक पर्यटन प्रवर्द्धनमा मुख्यमन्त्री पोखरेलको जोड

गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशमा धार्मिक पर्यटनको सम्भावना अत्यधिक भएको बताउँदै यसको प्रवर्द्धन गरिनुपर्नेमा जोड दिनुभएको छ। पुम्दीकोट विकास समितिद्वारा पोखरा महानगरपालिका-२२ पुम्दीकोटमा निर्माणाधीन विशाल महादेव मूर्तिलगायतका संरचना अवलोकनपश्चात सोमबार उहाँले पर्यटन र कृषि नै प्रदेश समृद्धिको आधार भएकाले त्यसैअनुसारको योजना बनाएर अघि बढ्ने बताउनुभयो।

उहाँले प्रदेशभित्रका धार्मिक पर्यटकीय महत्वका नवलपुरको गजेन्द्रमोक्ष धाम, देवघाट, पुम्दीकोट हुँदै मुक्तिनाथसम्मको क्षेत्रलाई धार्मिक करिडोरका रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। जनस्तरबाट शुरु गरी पुम्दीकोटमा यति ठूलो लगानीमा काम भएकामा प्रशंसा गर्दै उहाँले विगत वर्षमा जस्तै प्रदेश सरकारको सहयोग निरन्तर रहने बताउनुभयो। प्रदेश सरकारले यस वर्ष पनि रु ५० लाख पुम्दीकोटका लागि छुट्याएको मुख्यमन्त्री पोखरेलले जानकारी दिनुभयो। पुम्दीकोटको महत्वलाई बुझेर क्षमताअनुसार सहयोगका साथै आसपासका बाटोका निर्माणका लागि सङ्घ सरकारसँग समन्वय गर्ने उहाँले बताउनुभयो।

अर्थमन्त्री रामजीप्रसाद बरालले पुम्दीकोट पुग्ने बाटो निर्माण प्राथमिकतामा राख्नुपर्ने बताउँदै धार्मिक पर्यटकीय केन्द्रका रूपमा स्थापित पुम्दीकोटमा मन्दिरका लागि सरकारले अझै रकम थप्नुपर्ने उल्लेख गर्नुभयो। उहाँले राज्यस्तर र जनस्तरबाट लगानी भएको यस परियोजनालाई सार्थक बनाउने जिम्मा आफूहरूकै रहेको बताउनुभयो।

कार्यक्रममा मन्त्री कुमार खड्का, मेखलाल श्रेष्ठ, विन्दुकुमार थापा, चन्द्रबहादुर बुढा, दीपक थापासहित प्रदेशसभा सदस्यको उपस्थिति थियो। कार्यक्रममा गण्डकी प्रदेशसभामा नेपाली कांग्रेस सचेतक ओमकला गौतमले पर्यटन प्रवर्द्धनबाटै समृद्धि सम्भव भएको र धार्मिक केन्द्रहरूको निर्माणले यसमा अझै टेवा पुग्ने बताउनुभयो।

समितिका अध्यक्ष चन्द्रकान्त बरालले जनस्तरबाट थालेको प्रयासले अहिले विशाल रूप लिएको भन्दै विश्वकै पर्यटक आकर्षण गर्ने स्थलका रूपमा यसको विकास गर्न लागिएको र सरकार ीस्तरबाट समेत थप सहयोगको अपेक्षा गर्नुभयो। पुम्दीकोटलाई शिवधामका रूपमा स्थापित गरी धार्मिक केन्द्रका रूपमा विकास गरेमा स्वाभाविकरूपमा आम्दानी बढेर जाने उहाँको भनाइ छ। रासस

# वित्तीय समानीकरण अनुदान बढाऔँ, अरु अनुदान घटाऔँः वित्त आयोग




काठमाण्डु । सङ्घीयता कार्यान्वयनमा आर्थिक पाटोबाट महत्वपूर्ण औजार मानिएका अनुदानमध्ये वित्तीय समानीकरण अनुदानबाहेक अरुको अवस्था भद्रगोल देखिएपछि क्रमशः घटाउँदै लैजान सुझाव दिइएको छ। वित्तीय समानीकरण अनुदान भने प्रदेश र पालिकाको मूल प्रवाहको खम्बाका रूपमा रहेकाले खर्चको आवश्यकतानुसार अनुदान बढाउँदै लैजान सिफारिस गरिएको छ।

प्राकृतिक स्रोत तथा वित्तीय आयोगले हालसम्मका अभ्यास र नतिजाले वित्तीय समानीकरण अनुदानलाई खर्चको आवश्यकताअनुरूप बढोत्तरी गर्दै लैजान तथा सःशर्त, समपूरक र विशेष अनुदान भद्रगोल रहेको भनी न्यूनीकरण गर्न संसदीय समितिलाई सल्लाह दिएको हो।

विगतमा पछि परेका क्षेत्र र समुदायलाई सम्मान गर्दै मूलप्रवाहमा ल्याई विभेद हटाउन वित्तीय समानीकरण अनुदान प्रदेश र पालिकालाई भरपर्दो स्रोतका रूपमा व्यवस्थापन गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ। स्थानीय तहमा विभिन्न माध्यमबाट अनुदान पठाइँदा लक्ष्यप्राप्ति, सदुपयोग र खर्च विवरण अद्यावधिक गर्ने चुनौती खडा भएको जनाउँदै आयोगले एकीकृत ढङ्गबाट अनुदान उपलब्ध गराउने प्रणाली कायम गर्न नसकिए सन्तुलन कायम गर्न समस्या हुने चेतावनी दिएको छ। मुलुकका ७५३ पालिकालाई रु तीन करोड ५० लाख बजेटको सुनिश्चित गरिएको जानकारी दिइएको छ।

नेपालको संविधानको धारा ६०(३)ले प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने उल्लेख छ। संविधानले तीन तहबीचमा अन्तरसरकारी वित्तीय हस्तान्तरणमा परिमाण निर्धारण गर्न आयोगको मुख्य जिम्मेवारी र अनिवार्य संलग्नता खोजे पनि ऐनको भिन्न प्रावधानप्रति कतिपय प्रदेशबाट प्रश्न उठाइएको राष्ट्रियसभा राष्ट्रिय सरोकार तथा समन्वय समितिलाई जानकारी गराइयो।

वित्तीय सङ्घीयता कार्यान्वयनमा सिफारिस गर्ने, सुझाव दिने, समन्वय तथा सहजीकरण गर्ने र अध्ययन, अनुसन्धान गर्ने आयोगको भूमिका रहेको छ। बजेट तर्जुमाका क्रममा प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने रकम वा अनुदानको परिमाण फागुन मसान्तसम्म अनिवार्य आयोगलाई जानकारी गराउने व्यवस्थाका लागि पनि आयोगले समितिको गम्भीर ध्यानाकर्षण गराएको छ।

संविधानले तीन तहको सरकारको कामको बाँडफाँट कसरी गऱ्यो भन्ने विषयसमा साझा प्रष्टता आवश्यक रहेको जनाउँदै आयोगका अध्यक्ष बालानन्द पौडेलले त्यो नभएसम्म खर्चको आवश्यकता थाहा पाउन नसकिने स्पष्ट पार्नुभयो। संविधानतः प्रदेश र स्थानीय तहमा जाने जति पनि आर्थिक हस्तान्तरणको परिमाण आयोगले निर्धारण गर्न भनेकामा ऐनले मूल्यअभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्कलाई मात्र बाडँफाँट गर्न भनेपछि केही समस्या परेको हो।

संविधानको आधारसँग मौजुदा ऐनमा राजश्व बाँडफाँटमा दिएकोअधिकारबीचतालमेलनदेखिएपछि ऐन संशोधनको आवश्यकतालाई आयोगले टड्कारोरूपमा उठाएको हो। आयोगले प्रदेश र पालिकालाई पनि संविधान र कानूनको मूल अनुसूचीमा प्रदान गरेको अधिकार सही प्रयोग गर्दै राजश्व परिचालन गर्न सुझाव दिएको छ। यसैबीच प्राकृतिक स्रोत साधनको उपयोगबारे अझै अध्ययन र छलफलको आवश्कता देखाइएको छ।

आयोगका सचिव वेगेन्द्रराज पौडेलले भन्नुभयो, "प्राकृतिक स्रोतको एकीकृत लाभको बाँडफाँटसम्बन्धी कानूनका लागि सरकारसँग पटक-पटक अनुरोध गरियो, तर अहिलेसम्म बन्न सकेन। कानून नबनेसम्म प्राकृतिक स्रोतको बाँडफाँट, परिचालन, उपयोग, संरक्षण र निवारण गर्न तीन तहका सरकारबीच समन्वय र सहजीकरण गर्न कठिन हुन्छ, त्यो कानून जरुरी छ।"

राष्ट्रियसभा राष्ट्रिय सरोकार तथा समन्वय समितिसँग आयोगले एकल र साझा अधिकारमा थप प्रष्टता, आवश्यक थप कानून निर्माण तथा अन्तरसम्बन्धित कानून निर्माणमा समन्वय र सहकार्यका लागि अपेक्षा राखेको जानकारी दियो। प्राकृतिक स्रोत सम्बन्धमा एकीकृत कानूनी व्यवस्था, हस्तान्तरित रकम उपयोग क्षेत्र किटानी, राजश्व बाँडफाँट र अनुदानबाट प्राप्त रकमको उद्देश्यपरक उपयोग, प्रदेश र पालिकाबीच साझेदारीसहित हस्तान्तरित रकम उपयोगको प्रगति विवरण उपलब्ध गराउने व्यवस्था आवश्यक रहेको जनाएको छ। खर्चको आवश्यकता र राजश्वको क्षमता निर्धारणमा पनि तीन तहबाटै सहयोगको अपेक्षा गरिएको छ।

आयोगबाट सङ्घ, प्रदेश र स्थानीय तहको खर्च जिम्मेवारीमा स्पष्टता हुन र सम्पादन गर्ने कार्यको मानक स्थापित गर्न सुझाव छ। दोहोरो राजश्व अधिकार क्षेत्रभित्रका कर, राजश्व उठाउने र बाँड्ने सम्बन्धमा थप स्पष्टता खाँचो औँल्याउँदै आयोगले राजश्व अनुमान बाँडफाँटलाई बजेट, खर्च, प्रगति विवरण र कार्यसम्पादनको प्रभावकारिता र जवाफदेहितासँग जोड्न भनेको छ। तीन तहकै सरकारका वित्तसम्बन्धी कामको प्रभावकारिता अभिवृद्धिका लागि संस्थागत, संरचनात्मक, सङ्गठनात्मक र प्राविधिक पक्षमा पर्याप्त सुधारको खाँचो औँल्याइएको छ।

अन्तर-सरकारी वित्तीय हस्तान्तरणलाई समन्यायिक, वस्तुगत र यथार्थपरक बनाउन स्थानीय तहसम्मको खण्डीकृत, स्तरीकृत र अद्यावधिक तथ्याङ्क उपलब्ध गराउन गराउनुपर्छ भनिएको छ। वित्त आयोगको सिफारिस र सुझावलाई सबैले अवलम्बन, अनुसरण र कार्यान्वयन गर्ने प्रतिबद्धतामा जोड दिइएको छ।

प्राकृतिक स्रोत र राजश्व बाँडफाँटका विषयमा तीनतहकै बीचमा उठ्न सक्ने विवादको विषयमा अन्तरसरकारी समन्वय र सहजीकरणको आवश्यकता औँल्याउँदै आयोगले प्रदेश र स्थानीय तहको खर्च आवश्यकता र राजश्वको क्षमताबीचको वित्तीय अन्तर निर्धारणमा समन्वयको खाँचो देखिएको जानकारी गराएको छ।

खर्चको आवश्यकता र राजश्वको क्षमताबीचको वित्तीय अन्तर निर्धारणका लागि तीन तहकै सरकारलाई संविधानको अनुसूचीले प्रत्याभूत गरेका संवैधानिक कार्यको प्रष्टता, खर्च लागतको मापदण्ड निर्धारण, राजश्वको दर र दायरालगायतका विषयमा न्यूनतम मानक स्थापित गर्ने विषयमा पनि समन्वय र सहजीकरण आवश्यक रहेको सुझाव छ। प्राकृतिक स्रोतको परिचालन, संरक्षण, उपयोग, बाँडफाँट, विवाद निवारण र राजश्व तथा अनुदानमा तीन तहबीच समन्यायिक बाँडफाँट र हस्तान्तरणमा समन्वय र सहजीकरणमा जोड दिइएको छ। रासस

## मालपोत कार्यालय गरुडा, रौतहट

### ३५ दिने सार्वजनिक सुचना

यसमा निवेदक जिल्ला रौतहट गा.वि.स.पिप्र रजवाडा ७ हाल माधव नरायण नपा ८ वस्ने महन्थ रायको नाती रामफल रायको छोरा मोसाफिर रायको अविवाहित मृत्यू मिति २०७५।१०।१० मा भएकोले निजको नाममा दर्ता कायम रहेको तपसिलका जग्गाहरु दाजु असर्फी राय यादवले एकलौटी नामसारी गर्रा पाउ भनि निवेदन दिउकोले उल्लेखित जग्गाहरुमा कसैको हकदावी छ वा छैन ? कुनै कसैलाई असर पर्छ की ? सर्व साधारणको जानकारीके लागी यो ३५ दिने सुचना जारी गरिएको छ। सुचना प्रकाशित भएको मितिले वाटोको म्याद बाहेक ३५ दिन भित्र आफनो हकदावीको प्रमाण साथ वा कानुन बमोजिम वारेश लिइ यस कार्यालयमा आउनुहोला अन्यथा माग बमोजिम नामसारी भइ जाने जानकारी गराइन्छ।

| जिल्ला | गा वि स | वडानं. | कि.न | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | पिप्रारजवाडा | ५ | ८५९ | ०-१-१० | मोसाफीर राय यादव |
| ” | ” ” | ५ | ८६० | ०-१-१० | ” ” ” |

## हकदावीको सूचना

काठमाण्डौं जिल्ला, प्याफल वडा नं २५ मा बस्ने वर्ष ६१ को श्री जनक कुमार माथेमाको नाति, श्री रुद्र कुमार माथेमाको छोरी, श्री राज कुमार माथेमाको यही मिति २०७८/०२/११ गते मा मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं ०१४०५०९००००७४ मा रहेको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती प्रथना श्रेष्ठले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदां उत्त निक्षेप उपर निवेदिका वाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सवूत प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ र अन्यथा माग दावी बमोजिम भई जाने ब्योहरा यसै सूचना द्धारा सूचित गरिन्छ।

**नेपाल इन्भेष्टमेण्ट बैंक लि.**
**NEPAL INVESTMENT BANK LTD.**
शाखा कार्यालय, जनकपुर धनुषा
फोन न ०४१ ५२७३७१

## नेपाल खानेपानी संस्थान
## शाखा कार्यालय जलेश्वर

### दरभाउपत्र स्वीकृतको लागी छनौट गरिएको आशयको सूचना

प्रकाशित मितिः २०७८।०४।१३

यस कार्यालयबाट मिति २०७८।०३।१५ गते राष्ट्रिय दैनिक जनकपुर टुडे पत्रिकामा प्रकाशित गरिएको 80mm ø G.I. पाईप जडान गर्ने र कार्यालय परीसर स्थित पुरानो भवनहरु मर्मत संभार गर्ने कार्यको सिलबन्दी दरभाउपत्र आब्हानको सूचना अनुसार पेश हुन आएको सिलबन्दी दरभाउपत्रहरु मध्ये तपसिलमा उल्लेखित फर्महरुले कबोल गरेको न्यूनतम मूल्यांकित रकम सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागी छनौंट गरिएकोले सा.ख.ऐन २०६३ को दफा ४० को उपदफा (५) र सा.ख.नियमावली २०६४ को नियम ८४ को उपनियम (१०) को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | कामको विवरण | फर्मको नाम टेगाना | कबोल रकम (मु.अ.कर सहित) |
|---|---|---|---|
| १) | 80 mm Ø G.I. पाईप जडान गर्ने कार्य | श्री शक्ति बिल्डर्स खैरबनी ३ महोत्तरी | १२,६४,९६५।०० |
| २) | कार्यालय परिसर स्थित पुरानो भवनहरु मर्मत संभार कार्य | श्री ओम श्री जयमाता दी बिल्डर्स मनरा सिस्वा २ महोत्तरी | ७,०८,५१५।०० |

# नेपाल-भारतका अधिकारीहरुको बैठक



**राकेश यादव**

गौर । रौतहट जिल्लाको सुरक्षा निकायका प्रमुखहरुको दोस्रो समकक्षी बैठक भारत विहार राज्यको पूर्वी चम्पारणको मोतिहारी जिल्लामा सम्पन्न भएको छ ।

नेपाल-भारत सिमामा उत्पन्न हुने समस्याको समाधानको विषयमा छलफल गर्नको लागि रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको पहलमा उक्त समकक्षी बैठक सम्पन्न भएको हो । यस अघि असार २८ गते सीतामढीमा बैठक भएको थियो ।

दुइ सत्ता भित्रमा भएको दोस्रो समकक्षी बैठकमा सहभागी हुन् पुगेका प्रमुख जिल्ला अधिकारी यादवलाई भारतीय प्रहरीले सम्मान गरेका थिए ।

कोरोना संक्रमणको कारण गएको डेढ वर्षदेखि बन्द रहेको आवागमनमा सहज बनाउने, सीमामा हुने अवैध कारोवार, गतिविधि नियन्त्रण गर्ने विषयमा दुवै देशका प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक विच समन्वय बैठक भएको प्रमुख जिल्ला अधिकारी यादवले बताए ।

रौतहटको स्थानीयहरुको सुरक्षा प्रति गम्भीर रहेका प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षक शिद्धि विक्रम शाहको प्रयास जनहितकारी रहेको छ ।

बैठकमा दशगजा क्षेत्र इशनाथ नगरपालिका औरैया , बन्जरहामा भारत पक्षबाट निर्माण भएको बाँधबाट नेपाली भुमि अतिक्रमण , पिलर नम्बर ३४७ को मर्मत सम्वन्धि, अपराधी लुकेर बस्ने , तस्करी नियन्त्रण गर्ने विषयमा छलफल भएको छ ।

लालबकैया र बागमती नदीबाट आउने बाढीले उत्पन्न हुने प्राकृतिक समस्याको समाधानको लागि भारतीय बाँधमा लगाईएको सुलिस गेट खोल्ने विषयमा सहमति भएको प्रमुख जिल्ला अधिकारी यादवले बताए ।

कोभिड व्यवस्थापनमा द्विपक्षीय रुपमा सहयोग गर्नुको साथै अत्यावश्यक मेडिकल तथा आकस्मिक समस्या परेको बेला आवागमनमा व्यवस्थापन गर्ने र द्विपक्षीय सम्बादलाई निरन्तरता दिने प्रतिवद्धता भारतीय समकक्षीले जनाएको छ ।

बैठकमा नेपालबाट प्रमुख जिल्ला अधिकारी यादव, नेपाल प्रहरीका प्रहरी प्रमुख शिद्धि विक्रम शाह , सशस्त्र प्रहरी उपरीक्षक सुर्य बहादुर सेन ओली, मोतिहारी जिल्लाको डिएम शिर्षथ, एसपी नविन चन्द्र झा लगायतका प्रहरी पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# करेन्ट लागेर मृत्यु भएको घटनामा नयाँ खुलास

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा करेन्ट लागेर मृत्यु भएको घटनामा नयाँ खुलासा भएको छ । गत असार ३० गते धनुषाधाम नगरपालिकामा एक जनाको करेन्ट लागेर मृत्यु नभएको बताउँदै हत्या भएको दावी गरिएको छ ।

सोमवार पत्रकार सम्मेलन गरी घटनामा बाँचेका धनुषाधाम नगरपालिका वडा नं ७ निवासी रामजीवन यादवले आफुसहित दुईजनालाई ज्यान मार्ने मनसायले गाउँकै केहि व्यक्तिहरुले खेतमा बदेल धपाउनका लागि लगाइएको करेन्टमा आफुहरुलाई अचेत अवस्थामा करेन्टको तारमा फालेको बताए ।



एक जनाको तत्कालै मृत्यु भएको रामजीवनले बताए । सोहन साहको टयाक्टरको ड्राइभरमा कार्यरत रामजीवनको असार ३० गते साँझ बलदेव मण्डलले बटैयामा लिएको खेतमा मुसहरु यादवको थ्रेसिङ गराएको धान तौल गर्ने क्रममा पारिश्रमिकको विषयलाई लिएर थ्रेसर धनिसित विवाद भएको थियो ।

साथी धनी यादव र राजु साह एक पक्षमा बोलेपछि रामबाबु मण्डल र बलदेव मण्डलले कुटपिट गरेको बताए । गाउँ समाजकै पहलमा झगडा साम्य भएपनि आफु सहित तीन जना घर फर्किदै गरेको अवस्थामा रामबाबु मण्डलको नेतृत्वमा लाठी, घरेलु हतियार सहित आएका समुहले आफुहरुलाई लखेटदै रामबहादुर मण्डलको खेतमा पुरयाई कुटपिट गरेर बेहोस पारेको उनले बताए ।

अचेत अवस्थामा पुर्व योजना अनुरुप जंगली बंदेल मार्नको लागि खेतमा लगाएको विजुलीको नांगो तारमा आफु र धनी यादवलाई पालै पालो फालेपछि आफु बेहोस भएको बताए ।

तीनदिन पछि प्रादेशिक अस्पताल जनकपुरधाममा होस् आउँदा धनी यादवको मृत्यु भइसकेको खवर पाएको उनले बताए । करेन्टका कारण धनी यादवको मृत्यु भएको र आफनो हातमा करेन्टका कारण गम्भीर क्षति हुन पुगेकोले दोषीमाथि कडा कारवाहीको माग गरे ।

पीडित रामजीवन यादवले घटनामा संलग्नको नामै किटान गरेर इलाका प्रहरी कार्यालय धनुषाधाममा जाहेरी दिदा प्रहरीले दुईजनाको नाम हटाएर ल्याए जाहेरी दरखास्त लिने भनेको आरोप लगाएका छन । साधारण विषयलाई लिएर हत्या सम्मको घटना घटाउने माथि कारवाहीका लागि निवेदन दिदा समेत प्रहरीले सहयोग नगरेकोले वाध्यभएर पत्रकार समक्ष आएको उनले न्यायका लागि पहल गरिदिन सवैमा अपिल समेत गरे ।

# गाँजासहित एक पक्राउ

बीरगञ्ज । पर्साको पटेर्वा सुगौली गाउँपालिका-४ बाट २७ किलोग्राम लागुऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कर्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक रामकाजी थापाको नेतृत्वको टोलीले गाउँपालिका-४ भतौडा निवासी वासुदेव माझीलाई लागुऔषध गाँजासहित पक्राउ गरिएको हो ।

पक्राउ परेका माझीलाई जिल्ला प्रहरी कार्यालय पर्सामा राखी थप अनुसन्धान भइरहेको पर्साका प्रवक्ता ओमप्रकाश खनालले बताउनुभयो ।रासस

# ४० थान रांगा नियन्त्रणमा

**टुडे समाचारदाता**

राजविराज । भारतबाट एकाविहान अबैधरुपमा भित्र् याइएको ४० वटा रांगा प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार मंगलबार विहान २ बजे तिर सप्तरीको सुरुगां नगरपालिका १० स्थित बलान खोला किनार हुँदै भन्सार छलेर भारतबाट ल्याउदै गरेको ४० वटा रांगा प्रहरीले नियन्त्रणमा लिएको हो । इलाका प्रहरी कार्यालय कडरबोनबाट खटेको प्रहरी टोलीलाई देख्नासाथ रांगा लिएर आउने ब्यक्ती



फरार भएको र खोजी कार्य भईरहेको प्रहरीको भनाई छ ।

एक लाख ६० हजार मुल्याँकन गरिएको उक्त रांगाहरु मंगलवारै आवश्यक कार्यावाहीका लागी तिलाठी स्थित राजविराज भन्सार कार्यालयमा बुझाइएको डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन ।

# स्वास्थ्य शिविरबाट २०४ जना लाभान्वित

**टुडे समाचारदाता**

लालबन्दी । सर्लाहीको ईश्वरपुरमा आयोजित एक दिने निः शुल्क स्वास्थ्य जाँच शिविर सम्पन्न भएको छ । ईश्वरपुर नगरपालिका-६, मा रहेको नव प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो दशौं स्थापना दिवसको अवसरमा मंगलबार संस्थाकै प्राङ्गणमा एकदिने निःशुल्क स्वास्थ्य जाँच शिविर आयोजना गरेको हो ।

संस्थाको आयोजना तथा गोदावरी वेलकेयर हस्पिटल र नेपाल डेन्टल क्लीनिकको समन्वयमा शिविर सम्पन्न गरिएको हो । २०६८ सालमा स्थापना भएको संस्थाको १० वर्ष पुरा भई ११ वषर्मा प्रवेश गरेको उपलक्ष्यमा संस्थाका अध्यक्ष विजय कुमार साहको अध्यक्षतामा शिविरमा उपस्थित ज्येष्ठ नागरिकको उपचार गर्दै शिविरको उद्धघाटन गरिएको थियो ।

शिविरमा डा.उमाशंकर गुप्ता, सुनिता राय, गौतम कुमार साह,सिताराम कुशवाहा लगायतको चिकित्सकको टोलीले २०४ जनाको स्वास्थ्य जाँच गरेको हो । शिविरमा महिला सम्बन्धि रोग, दाँत सम्बन्धि रोग, नाक, कान र घाँटी सम्बन्धि रोगहरुको उपचार गरिएको संस्थाका अध्यक्ष विजय कुमार साहले बताए । तिन हजार शेयर सदस्य रहेको संस्थाको नगरपालिकाकै खैरा बजार र चौलिखा बजारमा अन्य दुईवटा शाखा रहेका छन् ।

# जग्गा रोक्का र नक्शा पास नहुँदा नगरवासी समस्यामा

**टुडे समाचारदाता**

राजविराज । मुलुककै पुरानो मध्येका एक सप्तरीको राजविराज नगरपालिकाको मुख्य बजारमा बसेका परिवारले लालपुर्जा तथा नक्शा पास नहुँदा समस्यामा परेका छन् ।

२०१६ साल मै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक तथा भित्री सडकको दाँया बाँया रहेका सयौ परिवार वर्षौदेखि लालपुर्जा नपाएको र नगरपालिकाबाट नक्शा पास तथा मालपोत कार्यालयबाट रोक्का प्रक्रिया समेत लामो समयदेखि रोकिएपछि मार्कामा परेका हुन् ।

जग्गा वापत नगरपालिकाबाट पाएको विटौरी रसिदको आधारमा बसोबास र विगतमा समस्यमा परेका बेला सोही विटौरी रसिदमा उल्लेखित जग्गा बैंक र वित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बन्चित भएका छन् ।

विगत ५ वर्ष देखि श्रेस्ता र कम्प्युटरमा कुनै रेकर्ड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि नगरको मुख्य बजारका बासिन्दा बैंक तथा वित्तीय संस्थाबाट पाउनु पर्ने सेवा सुविधाबाट बन्चित भएका हुन ।

पहिले विटौरी रसिद कै आधारमा बैंकमा जग्गा धितो राखी कारोबार गर्दै आएका थिए, राजविराज ४ का रेडिमेड पसल संचालक मो.दानिसले भने, अब मालपोतले रोक्का गर्न नमानेपछि बैंकले पनि ऋण दिन मान्दैनन् ।

विटौरी जग्गाको वर्षौ देखि कर लिने गरेको राजविराज नगरपालिकाले लालपुर्जा र नक्शा पास उपलब्ध नगराउदा बैंकले त्यस्तो जग्गा स्वीकार नगरेकाले ब्यापार पनि चौपट भएको अर्का ब्यवसायी अभिषेक साहले गुनासो पोखे ।

नागरिक संजाल सप्तरीका अध्यक्ष सुखराम यादवले पुस्तौदेखि बसोबास गर्दै



आएका स्थानीयवासी समस्यामा परेका बेला जग्गा धितो राखेर बैंक तथा वित्तिय संस्थाहरुबाट ऋण लिन नपाउनु दुखद र लज्जास्पद रहेको बताए । जग्गाको नियमित कर लिने तर समस्यामा परेका बेला आफनै जग्गामा पनि बैंकमा धितो राखी ऋण लिन नपाउने ? यो कस्तो ऐन कानुन हो उनको भनाई छ । यस तर्फ स्थानीय, प्रदेश र संघिय गरी तिनै तहका सरकारले अबिलम्ब ध्यान नदिए नागरिकको तर्फबाट आन्दोलन गर्ने उनले चेतावनी समेत दिए ।

सरकारको नगर पिच्छे फरक नीतिले विटौरी जग्गा भएका सयौं नगरवासीको वेहाल भएको भन्दै स्थानीयले पनि अविलम्ब यसको समाधान गर्नु पर्ने माग गरेका छन् । नगर प्रमुख शम्भु प्रसाद यादवले मुख्य बजारका वासिन्दा समस्यामा परेका वेला आफ्नै जग्गा बैंक तथ वित्तिय संस्थामा धितो राखी कर्जा नपाई रहेको पीडा प्रति आफु गम्भिर रहेको र समस्या समाधानका लागी प्रयत्नशिल रहेको बताए ।

भुमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट नै उक्त समस्याको समाधान हुने हो, उनले भने "यसका लागी मन्त्रालयमा पहल भइरहेको छ । मालापोत कार्यालयका निमित्त प्रमुख प्रकाश राउतले नगरपालिका क्षेत्रको विटौरी जग्गाको कुनै श्रेस्ता यस कार्यालयमा अहिले नरहेकाले त्यस्तो जग्गा रोक्का गर्ने काम हाल बन्द रहेको बताए । कम्प्युटरमा इन्ट्री छैन तथ्याँक पनि छैन उनले भने, कुनै श्रेस्ता नभएका कारण विटौरी जग्गा भएकाहरुलाई सेवा दिन सकिएको छैन । उनले यस बारे राजविराज नगरपालिकाले नै आवश्यक पहल गर्नू पर्ने आवश्यक्ता रहेको बताए ।

२००३ सालमा भारतको जयपुर शहरको नक्शामा आधारीत रहेर ६० विघा क्षेत्रफलमा वसाईएको राजविराजलाई २०१६ सालमा नगरपालिका घोषणा गरिएको थियो । तर दशकौं वितिसक्दा पनि नगरलाई ब्यवस्थित तथा नगरवासीलाई आवश्यक सेवा सुविधा प्राप्त नभएको नगरवासीको गुनासो रहेको छ ।



हार्दिक बधाई

यस रौनियार सेवा समिति जनकपुरधाम का आजिवन सदस्य एवं पूर्व सचिव रामबाबु गुप्ता जी, जनकपुरधाम उधोग वाणिज्य संघको सल्लाहकार पदमा मनोनित हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालका लागी हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रमोद गुप्ता
महासचिव
रौनियार सेवा समिति
जनकपुरधाम

अरूण कुमार गुप्ता
अध्यक्ष
रौनियार सेवा समिति
जनकपुरधाम

कर्मचारी आवश्यकता

Alfa Beta Company लाई प्रदेश स्तरीय नयाँ शाखाहरु विस्तारको लागि विभिन्न पदको लागि १५ जना महिला र १२ पुरुष कर्मचारीहरु आवश्यकता रहेको हुँदा निम्न योग्यता भएकोले तुरुन्त सम्पर्क गर्नुहोला ।

अनुभवको आवश्यकता नपर्ने

शिक्षा: S.E.E. वा सो सरह, +2 वा सो सरह, Bachelor वा सो सरह
उमेरः १६ देखी २८ वर्ष
**तालिम समयमा**: ६०००/- देखी १५,०००/- प्रति महिना
**तालिम पछी**: १६,०००/- देखी ४०,००/- प्रति महिना
**नोट**: बाहिर घर भएकालाई रात्रीको खाना र बस्ने सुविधा दिइनेछ ।

सम्पर्क
भ्रमरपुरा चौक-७, जनकपुरधाम
मो. नं. ९८०४७६६०५४, ९८२१२३८९८६
"मेहनती र ईमन्दार Candidate को लागि सुवर्ण अवसर"

पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।
घटनासंग असम्बन्धित व्यक्ति/संस्थाको नाम उल्लेख नगरौं ।।

- पत्रकार तथा सञ्चारमाध्यमले कुनै घटनासंग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग असम्बन्धित नातेदार वा नजिकका व्यक्तिको नाम जोडी मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी कुनै पनि सामग्री प्रस्तुत गर्नु हुँदैन ।
- यौन अपराध, सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मुल्याङ्कन बिना नाम, ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्विर र दृश्य उत्पादन, वितरण वा प्रकाशन/प्रसारण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

केयर मेडिकल सेन्टर (नर्सिङ्ग होम)
बागवानीको सामुने, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२०२३०, ५२३८६४

विगत १४ वर्षदेखि गुणस्तरीय स्वास्थ्य सेवा दिंदै आइरहेको यस अस्पतालमा २४ घण्टा इमरजेन्सी सेवा साथै ओपीडी सेवा समेत संचालन भइरहेको जानकारी गराउन चाहन्छौ ।

१. डा. आर.एन. झा (बिहान ९ देखि ११ बजेसम्म)
२. डा. जयकुमार मण्डल
३. डा. दिपक कुमार गुप्ता
४. डा. कृष्णा यादव
५. डा.राजकिशोर पण्डित (दिउँसो ३ देखि ५ बजेसम्म)
६. डा. विपिन यादव
७. डा. संजित झा (दिउँसो २ देखि ५ बजेसम्म)

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८